# दूधपोखरी गाउँपालिकाको राजस्व सुधार कार्य योजना

## (आ.व. २०८१/८२-२०८३/८४)




गाउँ कार्यपालिकाको कार्यालय

दूधपोखरी गाउँपालिका

गौंडा, लमजुङ

गण्डकी प्रदेश

# दूधपोखरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना
(२०८१/८२-२०८३/८४)

## Revenue Improvement Action Plan (RIAP) of Dudhpokhari Rural Municipality, Gaunda, Lamjung

आर्थिक तथा प्राविधिक सहयोगः

गण्डकी प्रदेश सरकार
गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान
प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम,
नदिपुर, पोखरा गण्डकी प्रदेश

प्राविधिक सहजीकरण

प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्रा.लि.
बूढानीलकण्ठ, काठमाडौं

# विषय सूची

**परिच्छेद एक - परिचय ........ ६**

१.१ पृष्ठभूमि ........ ६

१.२ औचित्य........ ६

१.३ अध्ययनका उद्देश्यहरू ........ ७

१.४ अध्ययन विधि तथा प्रक्रिया........ ७

१.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन ........ ८

१.४.२ तथ्याङ्क एवम् सूचना सङ्कलन ........ ८

१.४.३ परामर्श एवम् कार्यशाला आयोजना........ ८

१.४.४ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी........ ९

१.४.५ प्रतिवेदनको अन्तिम रूप ........ १०

१.५ अध्ययनका सीमाहरू........ १०

**परिच्छेद दुई — गाउँपालिकाको संक्षिप्त परिचय ........ ११**

२.१ परिचय तथा ऐतिहासिक पृष्ठभूमि........ ११

२.२ मानवीय संसाधन........ १५

२.३ भौतिक सम्पत्ति........ १६

**परिच्छेद तीन — स्थानीय तहको राजस्व अधिकार र आय सम्भाव्यता ........ १७**

३.१ स्थानीय सरकारको राजस्व अधिकार........ १७

३.१.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक व्यवस्था ........ १७

३.१.२ राजस्व अधिकार सम्बन्धी सङ्घीय ऐनका व्यवस्था........ १८

३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था........ २२

३.३ आन्तरिक आय स्रोतका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण ........ २३

३.३.१ कर राजस्व........ २४

३.३.२ गैह्र कर राजस्व ........ ३२

**परिच्छेद चार — आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था ........ ४१**

४.१ राजस्व परिचालन सम्बन्धी नीति........ ४१

४.२ आय सङ्कलनको संस्थागत क्षमता (राजस्व शाखा तथा राजस्व प्रशासन)........ ४२

४.२.१ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण ........ ४२

४.२.२ राजस्व परामर्श समिति ........ ४३

४.२.३ राजस्व परिचालनका लागि प्रशासनिक व्यवस्था ........ ४३

४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन ........ ४४

४.४ राजस्व परिचालनमा रहेका सवालहरू........................................................................................४५
४.५ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू ...........................................................................४५

**परिच्छेद पाँच - राजस्व सुधार कार्य योजना.............................................................................४७**
५.१ कर तथा गैर कर राजस्व सुधार योजना......................................................................................४७
५.२ नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना ..........................................................................५१
५.३ राजस्व प्रशासन सुधार योजना...................................................................................................५२

**परिच्छेद छ - आगामी तीन वर्षको आय प्रक्षेपण.........................................................................५४**
६.१ राजस्व सुधार कार्ययोजनाका आधारमा राजस्व प्रक्षेपण................................................................५४
६.२ आगामी तीन आर्थिक वर्षको आयको प्रक्षेपण ...............................................................................५६

**परिच्छेद सात - अपेक्षित नतिजा.............................................................................................५९**
७.१ समष्टिगत अपेक्षित नतिजा.........................................................................................................५९
७.२ कर तथा गैर कर राजस्व सङ्कलनमा सुधारका क्षेत्रहरू .................................................................५९
७.३ आगामी आ. व. २०८१/०८२ को आर्थिक ऐन तर्जुमाका लागि केही सुझावहरू.................................६१

**परिच्छेद आठ - अनुगमन तथा मूल्याङ्कन...................................................................................६२**
८.१ कार्यालय स्तरको अनुगमनः ........................................................................................................६२
८.२ राजस्व परामर्श समितिबाट अनुगमन तथा मूल्याङ्कन .....................................................................६२
८.३ कार्यपालिकाबाट अनुगमन तथा मूल्याङ्कन ....................................................................................६२
८.४ बाह्य अनुगमन तथा मूल्याङ्कन.....................................................................................................६२
८.५ अनुगमन तथा मूल्याङ्कनका क्षेत्रहरू ............................................................................................६३

**सन्दर्भ सामग्रीहरू.......................................................................................................................६५**

**अनुसूचीहरू ...............................................................................................................................६६**
अनुसूची १ : तथ्याङ्क सङ्कलन औजारहरू .........................................................................................६६
  १.१ तथ्याङ्क सङ्कलन सूची.........................................................................................................६६
  १.२ तथ्याङ्क सङ्कलन फाराम .....................................................................................................६७
अनुसूची २: राजस्व सुधार कार्ययोजना तर्जुमा क्रममा भएका छलफलका केही झलकहरू ..........................७४

## तालिका सूची

तालिका १: जनसङ्ख्याको वडागत वितरणको अवस्था ................ १२
तालिका २: दूधपोखरी गाउँपालिकाको प्रस्तावित शाखागत कर्मचारी दरबन्दी विवरण ................ १५
तालिका ३: आन्तरिक आय परिचालनको वर्तमान अवस्था ................ २२
तालिका ४: सम्पत्ति करको प्रक्षेपण ................ २४
तालिका ५: सम्पत्ति करको प्रस्तावित जरिबाना दर ................ २४
तालिका ६: भूमिकरको प्रक्षेपण ................ २६
तालिका ७: घरजग्गा बहाल करको प्रक्षेपण ................ २८
तालिका ८: व्यवसाय करको प्रक्षेपण ................ २९
तालिका ९: सिफारिस तथा प्रमाणित दस्तुरको प्रक्षेपण ................ ३७
तालिका १०: दण्ड जरिबानाको प्रक्षेपण ................ ३७
तालिका ११: व्यक्तिगत घटना दस्तुरको प्रक्षेपण ................ ३७
तालिका १२: सामुदायिक वनबाट आयको प्रक्षेपण ................ ३९
तालिका १३: राजस्व परामर्श समिति ................ ४३
तालिका १४: कर राजस्व सुधार योजना ................ ४७
तालिका १५: नयाँ क्षेत्र पहिचान तथा परिचालन सुधार योजना ................ ५१
तालिका १६: राजस्व प्रशासन सुधार योजना ................ ५२
तालिका १७: आगामी आ. व. का लागि राजस्व प्रक्षेपणका आधारहरू ................ ५४
तालिका १८: आगामी तीन आर्थिक वर्षको आय प्रक्षेपण ................ ५६

# परिच्छेद एक - परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको धारा ५९ ले सङ्घ, प्रदेश र स्थानीय तहलाई आ-आफ्नो आर्थिक अधिकार सम्बन्धी कानुन बनाउने, वार्षिक बजेट बनाउने, आर्थिक विषयमा निर्णय गर्ने र नीति तथा योजना तयार गरी कार्यान्वयन गर्ने अधिकार प्रदान गरेको छ । संविधान बमोजिम सङ्घबाट प्रदेश र स्थानीय तहलाई र प्रदेशबाट स्थानीय तहलाई वित्तीय हस्तान्तरणको अभ्यास सुरु भएबाट विगतमा नेपाल सरकारले उठाई आएको राजस्व मध्ये केही राजस्वका स्रोतहरू प्रदेश र स्थानीय तहमा हस्तान्तरण भएका छन् । संविधानले सङ्घ, प्रदेश र स्थानीय तीनै तहका सरकारहरूको अधिकार र क्षेत्र तोकेको छ । संविधानको अनुसूची ५, ६ र ८ मा क्रमशः सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारलाई सूचीकृत गरिएको छ भने अनुसूची ७ मा सङ्घ र प्रदेशको साझा अधिकार र अनुसूची ९ मा सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकार उल्लेख गरिएको छ । वित्तीय सङ्घीयताले वित्तीय अधिकार र जिम्मेवारीलाई सङ्घ, प्रदेश र स्थानीय तहमा बाँडफाँट गर्दछ ।

वर्तमान अवस्थामा नयाँ बनेका ऐन कानुनहरूले स्थानीय तहको राजस्व सङ्कलनमा सहजता प्रदान गरेको भए तापनि सङ्घ, प्रदेश र स्थानीय तहमा अझै पनि कतिपय राजस्व अधिकारसँग सम्बन्धित ऐन, कानुन नियमहरू बनाउने र त्यस अनुसार कार्यान्वयनमा लैजाने कार्य निरन्तर चली नै रहेको छ । मुलुक सङ्घीय गणतन्त्रामक संरचनामा प्रवेश गरी जनताको दैलोमा रहेको स्थानीय सरकारसँग जनताका आकांक्षा तथा चाहनाहरू उल्लेख्य रूपमा वृद्धि भएको अवस्था छ । स्थानीय जनप्रतिनिधिहरूले निर्वाचनको समयमा जाहेर गरेका थुप्रै प्रतिबद्धताहरूलाई पूरा गर्दै लैजानु पर्ने आवश्यकता छ । स्थानीय तहमा नयाँ परिवेश र त्यस अनुरूप चल्ने सिलसिलामा जनप्रतिनिधिहरूको अनुभवमा कमी, दक्ष जनशक्तिहरूको अभाव र भौतिक पूर्वाधारहरूको कमी जस्ता कुराहरूको कारण स्थानीय राजस्व परिचालनमा अपेक्षाकृत उपलब्धिहरू हासिल हुन नसकिरहेको तीतो सत्य सबैको सामु छर्लङ्ग रहेको छ । यस्तो अवस्थामा स्थानीय तहहरूले आ-आफ्नो जिम्मेवारी पूरा गर्न र जन चाहना अनुसार सेवा प्रवाहलाई प्रभावकारी बनाउनु आजको आवश्यकता हो । स्थानीय सरकारको बढ्दो खर्च धान्नका लागि र उनीहरूको सामर्थ्य वृद्धि गर्नको लागि स्थानीय तहको आन्तरिक राजस्व परिचालन क्षमतामा वृद्धि गर्नु अपरिहार्य छ ।

यसै परिप्रेक्षमा, संविधान प्रदत्त र उपलब्ध राजस्वका स्रोतहरूको अधिकतम प्रयोग, नयाँ र सम्भावित स्रोतहरूको पहिचान र करदाताको दायरालाई फराकिलो बनाउँदै गाउँपालिकाको आन्तरिक आयमा वृद्धि गर्न योजनाबद्ध कदमहरू चालेर गाउँपालिकालाई आर्थिक हिसाबले सबल बनाउन सहयोग पुगोस् भन्ने उद्देश्यका साथ दूधपोखरी गाउँपालिकाको राजस्व सुधार कार्ययोजना (Revenue Improvement Action Plan – RIAP) तर्जुमा गरिएको छ । यस दस्तावेजमा कार्ययोजनाका अलावा गाउँपालिकाको वर्तमान वित्तीय अवस्था, राजस्व क्षमता र राजस्व परिचालनका लागि लिनुपर्ने रणनीति र कार्यनीतिका लागि सुझावहरू समेत समावेश गरिएको छ ।

## १.२ औचित्य

नेपालको संविधान (भाग १९) मा आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर

लगाउन सक्ने व्यवस्था गरिए अनुरूप स्थानीय तहहरूले राजस्व अधिकारको प्रयोग गरि कर तथा गैरकर सङ्कलनका आधारभूत मान्यता अनुरूप राजस्व, कर, शुल्क र दस्तुर उठाउन सक्नेछन् । स्थानीय सरकारलाई वित्तीय रूपमा सबल बनाउने, स्थानीय सरकारको खर्च व्यवस्थापन गर्ने, स्थानीय तहमा सार्वजनिक सेवाहरू उपलब्ध गराउने, स्थानीय तहका विकास निर्माण कार्य सञ्चालन गर्ने तथा स्थानीय तहमा सुशासनको प्रत्याभूति गराउने पनि हो । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ द्वारा अन्तर सरकारी वित्तीय हस्तान्तरण लाई व्यवस्थापन गरिनुका साथै स्थानीय सरकारले कर लगाउँदा वैज्ञानिक करका आधारभूत मान्यताहरूका आधारमा कर करदाताले तिर्न सक्ने क्षमता र कर प्रणाली समानता र न्यायमा आधारित रहने गरी स्थापना गर्न, सरल, पारदर्शी र मितव्ययी हुने गरी कर लगाउनु उपयुक्त हुन्छ । साथै नागरिकलाई सुविधा हुने गरी असुल गर्न, स्वैच्छिक रूपमा कर तिर्न प्रेरित हुने वातावरण सिर्जना गर्न र कर लगाउँदा करको आधार, करको दर र कर तिर्ने अवधि निश्चित गर्न, स्थानीय सरकारको आन्तरिक राजस्व सुधार कार्ययोजनाको निर्माण अपरिहार्य देखिन्छ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा गाउँपालिका आर्थिक ऐन २०७९ भित्र रहेर बनाइएको यस राजस्व सुधार कार्ययोजनाले गाउँपालिकाको राजस्व क्षमताको पहिचान गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ । यसले प्रभावकारी ढङ्गले राजस्व परिचालन गर्न थप मद्दत पुऱ्याउने छ । साथै यस दस्तावेज नेपाल सरकार र राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको लागि स्थानीय तहलाई उपलब्ध गराउने समानीकरण अनुदान सम्बन्धी मापदण्ड र सन्दर्भ सामग्रीको रूपमा समेत उपयोगी हुनसक्ने अपेक्षा गरिएको छ ।

## १.३ अध्ययनका उद्देश्यहरू

यस अध्ययनको मुख्य उद्देश्य दूधपोखरी गाउँपालिकाको प्रभावकारी राजस्व सङ्कलन तथा परिचालनका सुझावहरू सहितको त्रि-वर्षीय राजस्व सुधार कार्य योजना तयार गर्नु रहेको छ भने यसका विशिष्ट उद्देश्यहरू निम्न प्रकारका रहेका छन् ।

- गाउँपालिकाको आन्तरिक आय तथा राजस्व सम्बन्धी संवैधानिक तथा कानुनी प्रावधानहरूको समीक्षा गर्ने ।
- गाउँपालिकाको आन्तरिक आय तथा राजस्वको वर्तमान अवस्था र श्रोतहरूको विश्लेषण एवं लेखाजोखा गर्ने र वृद्धिका सम्भावनाहरू पहिचान गर्ने ।
- गाउँपालिकाको वैज्ञानिक ढङ्गले आगामी ३ वर्षको शीर्षक गत राजस्व अनुमान तथा प्रक्षेपण गर्ने ।
- गाउँपालिकाको आन्तरिक राजस्व सुधार रणनीति तथा प्रभावकारी राजस्व प्रशासनका लागि कार्य योजना निर्माण गर्ने ।

## १.४ अध्ययन विधि तथा प्रक्रिया

यस राजस्व सुधार कार्ययोजना तर्जुमा कार्यका लागि विभिन्न सन्दर्भ सामग्रीहरूको अध्ययन, तथ्याङ्क तथा सूचना सङ्कलनको लागि आवश्यक फारामहरूको विकास, अभिमुखीकरण कार्यक्रम तथा कार्यशाला गोष्ठी लगायतका सहभागीतामूलक छलफल, स्थलगत भ्रमण, तथ्याङ्क सङ्कलन तथा विश्लेषण जस्ता प्रक्रियाहरू अवलम्बन गरिएको थियो । अध्ययनको क्रममा अवलम्बन गरिएका विधिहरूको संक्षिप्त व्याख्या यस प्रकार छ ।

### १.४.१ सन्दर्भ सामग्री सङ्कलन तथा अध्ययन

अध्ययन कार्यको पहिलो चरण विज्ञहरूबाट विभिन्न स्रोत सामग्रीहरूको सङ्कलन तथा पुनरावलोकन गरिएको थियो । यस क्रममा अध्ययन तथा पुनरावलोकन गरिएका मुख्य सामाग्री देहाय अनुसार रहेका छन्:

- नेपालको संविधान,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४,
- अन्तर सरकारी वित्तीय व्यवस्थापन ऐन, २०७४,
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व सम्बन्धी ऐन, २०७६,
- गाउँपालिकाको वार्षिक योजना, कार्यक्रम तथा बजेट, २०७९,
- गाउँपालिका तथा गाउँपालिकाको राजस्व सुधार कार्ययोजना तर्जुमा सम्बन्धी दिग्दर्शन, नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, २०७६ र
- गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन, २०७९ लगायत ।

### १.४.२ तथ्याङ्क एवम् सूचना सङ्कलन

अध्ययनको निम्ति आवश्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलनको निमित्त **अनुसूची १** मा उल्लेख भए बमोजिमका फाराम प्रयोग गरी गाउँपालिकाका पदाधिकारीहरू, उद्योग वाणिज्य सङ्घ, प्रमुख प्रशासकीय अधिकृत, शाखा प्रमुखहरू, लेखा तथा राजस्व उपशाखाका कर्मचारीहरूसँग छलफल एवम् अन्तरक्रिया गरेर आवश्यक तथ्याङ्क एवम् सूचनाहरू सङ्कलन गरिएको थियो ।

- गाउँपालिकाको वस्तुगत विवरण,
- वर्तमान राजस्व प्रशासनको अवस्था, सङ्गठन संरचना, कर्मचारी, राजस्व असुली तथा भौतिक सुविधा आदि,
- राजस्व परिचालनको लागि अवलम्बन गरिएका नीतिगत व्यवस्थाहरू,
- आन्तरिक आय सङ्कलनको अवस्था, स्रोत, क्षेत्र तथा दर सम्बन्धी विस्तृत विवरण,
- आन्तरिक आय सङ्कलनका सम्भावित नयाँ क्षेत्रहरू सम्बन्धी तथ्याङ्क एवम् सूचना सम्बन्धित तथ्याङ्क, सरोकारवालाहरूसँगको छलफल, स्थलगत भ्रमण तथा अवलोकन,
- गाउँपालिकाको आ.ब. ०७६/७७, ०७७/७८ र ०७८/७९ को आर्थिक ऐन, योजना, नीति बजेट तथा कार्यक्रम लगायत ।

### १.४.३ परामर्श एवम् कार्यशाला आयोजना

राजस्व सम्भाव्यता अध्ययन तथा सुधार कार्ययोजना तर्जुमा कार्यका लागि प्रज्ञा रिसर्च एण्ड डेभलपमेन्ट कन्सल्टेन्ट प्रा.लि.को प्राविधिक टोली गाउँपालिकामा उपस्थित भई गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, कार्यपालिका सदस्यहरू, प्रमुख प्रशासकीय अधिकृत र सम्बन्धित कर्मचारी तथा सरोकारवालासँग परामर्श गरिएको थियो । सो परामर्शमा स्थानीय राजस्व सम्भाव्यता अध्ययन तथा राजस्व सुधार योजना तर्जुमा कार्यक्रम सञ्चालनको ढाँचा, अध्ययन तथा योजना तर्जुमा विधि तथा प्रक्रिया, अपेक्षित उपलब्धि र सूचना विवरण आदीका बारेमा छलफल गरिएको थियो । गाउँपालिकाको राजस्व परिचालन सम्बन्धमा गाउँ कार्यपालिकाका पदाधिकारी

तथा कर्मचारीहरू, राजस्व परामर्श समितिका सदस्यहरू तथा अन्य सरोकारवाला पक्षहरूलाई अभिमुखीकरण गर्न तथा राजस्व सुधार कार्ययोजना तर्जुमा गर्न विभिन्न मितिमा अभिमुखीकरण तथा कार्ययोजना तर्जुमा कार्यशाला आयोजना गरिएको थियो ।

व्यापक छलफल तथा अन्तरक्रियामा राजस्व सुधार कार्य योजना तर्जुमाको सन्दर्भमा समूह छलफल गरी फर्ममा उल्लिखित तथ्याङ्कहरू उपलब्ध गराउनको लागि देहाय बमोजिमका ४ वटा समितिहरू गठन गर्ने निर्णय गरिएको र सोही अनुसार छलफल गरिएको थियो ।

**क. समूह नं. १**

संयोजकः — श्री क्षेत्रबहादुर गुरुङ उपाध्यक्ष एवं राजस्व सुधार समितिका संयोजक

सदस्यः श्री सीता भुजेल कार्यपालिका सदस्य

सदस्यः आषिक कुमार क्षेत्री इन्जिनियर

**ख. समूह नं. २**

संयोजकः श्री ओमबहादुर गुरुङ वडा अध्यक्ष वडा नं ४

सदस्यः श्री गंगा गुरुङ कार्यपालिका सदस्य

सदस्यः श्री शुसान लामिछाने कृषि स्नातक

**ग. समूह नं. ३**

संयोजकः श्री रमण बराल -राजस्व शाखा प्रमुख

सदस्यः श्री अमर गुरुङ वडा अध्यक्ष वडा नं २

सदस्यः श्री रश्मी गुरुङ कार्यपालिका सदस्य

**घ. समूह नं. ४**

संयोजकः श्री कुशल सुवेदी -प्रमुख प्रशासकीय अधिकृत

सदस्यः श्री मनिष गुरुङ वडा अध्यक्ष वडा नं ६

सदस्यः श्री श्याम गुरुङ वडा अध्यक्ष वडा नं ३

### १.४.४ तथ्याङ्क विश्लेषण तथा प्रतिवेदन तयारी

यस प्रतिवेदन तयारीको सिलसिलामा कार्यशाला आयोजना गरी राजस्व सुधारका लागि भिन्ना-भिन्नै समूहगत छलफल, स्थलगत अवलोकन, सरोकारवालाहरू सँगको छलफल र विभिन्न दस्तावेजहरूको अध्ययनबाट प्राप्त तथ्याङ्क तथा सूचनाहरूलाई विश्लेषण गरिएको छ । गाउँपालिकाबाट प्राप्त भएका सुझावहरू तथा सूचनाहरूलाई व्यवस्थित गरी विभिन्न तालिकाहरूमा प्रस्तुत गरिएको छ । सम्पत्ति कर लगायत अन्य करहरूको वर्तमान

अवस्था र प्रक्षेपण सम्बन्धी विस्तृत विवरण उल्लेख गरिएको छ । मस्यौदा प्रतिवेदनमा गाउँपालिकाका तर्फबाट प्राप्त सुझावहरू समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ ।

### १.४.५ प्रतिवेदनको अन्तिम रूप

अध्ययनका क्रममा विभिन्न स्रोतबाट सङ्कलित तथ्याङ्क तथा कार्यशाला गोष्ठीबाट प्राप्त सुझावका आधारमा तयार पारिएको मस्यौदा प्रतिवेदन गाउँपालिकाको राजस्व परामर्श समितिले आवश्यक सरोकारवालासँग छलफल गरी सुझावहरू सङ्कलन गरिएको थियो । उक्त छलफलमा प्राप्त सुझाव र सल्लाहलाई समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिएको छ । यस प्रतिवेदनलाई गाउँपालिकाले स्विकार तथा अनुमोदन गरी कार्यान्वयनमा लगिनेछ।

## १.५ अध्ययनका सीमाहरू

यस दस्तावेज तयारीमा निम्नअनुसारका सीमा रहेका छन् ।

- यस अध्ययन विशेषरूपले गाउँ कार्यपालिका कार्यालयबाट प्राप्त दस्तावेजहरू, गाउँपालिकाका पदाधिकारीहरू तथा सम्बन्धित शाखाका कर्मचारीहरू र अन्य सरोकारवालाहरूबाट प्राप्त सूचना तथा छलफलका आधार लिइएको छ,
- राजस्व प्रक्षेपण, गाउँपालिकाको वर्तमान जनसङ्ख्या, आर्थिक गतिविधि, गाउँपालिकाले प्रदान गर्ने सेवा, सम्पत्तिको मूल्याङ्कन दर र राजस्व दरलाई आधार लिइएको छ,
- राजस्व प्रक्षेपण गर्ने क्रममा करदाताको सङ्ख्याको अवस्थामा छलफल तथा कार्यशालामा सहभागीहरूद्वारा उपलब्ध भएको सूचनालाई आधार मानिएको छ,
- छलफलबाट प्राप्त सुझाव अनुसार वर्तमान करका दरहरू यथावत् राखी सोही बमोजिम आगामी तीन आर्थिक वर्षको राजस्व प्रक्षेपण गरिएको छ ।

# परिच्छेद दुई — गाउँपालिकाको संक्षिप्त परिचय

## २.१ परिचय तथा ऐतिहासिक पृष्ठभूमि

समुद्री सतहदेखि ४ हजार ३ सय मिटरको उचाइमा रहेको धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको दूधपोखरी कुण्डको नामबाट यस गाउँपालिकाको नाम दूधपोखरी गाउँपालिका रहन गएको हो । हिमालको काखमा रहेको दूधपोखरी धाम लमजुङको मात्र नभई देशकै पवित्र तीर्थ स्थलको रूपमा प्रसिद्ध छ ।




दूधपोखरी गाउँपालिकाका मानिसहरूको मुख्य पेशा कृषि, पशुपालन, विभिन्न व्यवसाय हो । यस गाउँपालिकाका मानिसहरू भारत लगायत अन्य विभिन्न देशहरूमा रोजगारीको लागी जाने गरेका छन् । यहाँका मुख्य खाद्यान्न बालीहरूमा धान, मकै, कोदो, गहुँ हुन् । यस गाउँपालिकामा अन्य विभिन्न तरकारी बालीहरू (बन्दा, काउली, आलु, टमाटर, बोडी, सिमी, लौका, काँक्रो आदी उत्पादन हुन्छ ।

राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्कका अनुसार दूधपोखरी गाउँपालिकामा २४६९ घरपरिवार छन्, जहाँ ८५९२ मानिस प्रति वर्ग किलोमिटर ५६ जनाको घनत्वको साथ बसोबास गर्छन् । कुल जनसङ्ख्या मध्ये ४८.६४ प्रतिशत पुरुष र ५१.३६ प्रतिशत महिला छन् । दूधपोखरी गाउँपालिकाको औसत लैङ्गिक अनुपात ९४.७० हो र औसत घरधुरी आकार ३.४८ छ । वडाका सबै वडामध्ये सबभन्दा बढी घरपरिवार (५९०) रहेको वडा नं. ६ हो जसमा २१०६ जनसङ्ख्या छ भने, वडा नं. ३ सबैभन्दा कम घरपरिवार (२६६) रहेकोमा जनसङ्ख्या ८७० रहेको छ । वडा नं. १ मा सबैभन्दा बढी औसत परिवारको आकार ३.६६ रहेकोमा वडा नं. ३ मा सबैभन्दा कम औसत परिवार आकार ३.२७ रहेको छ (राष्ट्रिय जनगणना २०७८)।

**तालिका १: जनसङ्ख्याको वडागत वितरणको अवस्था**

| वडा नं. | घर सङ्ख्या | जनसङ्ख्या | | | | औसत परिवारको आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | प्रतिशत | पुरुष | महिला | | |
| १ | ४६६ | १७०४ | १९.८३ | ८१८ | ८८६ | ३.६६ | ९२.३३ |
| २ | ४५८ | १५४२ | १७.९५ | ७४६ | ७९६ | ३.३७ | ९३.७२ |
| ३ | २६६ | ८७० | १०.१३ | ४३४ | ४३६ | ३.२७ | ९९.५४ |
| ४ | ३१३ | १०४९ | १२.२१ | ५१५ | ५३४ | ३.३५ | ९६.४४ |
| ५ | ३७६ | १३२१ | १५.३७ | ६३२ | ६८९ | ३.५१ | ९१.७३ |
| ६ | ५९० | २१०६ | २४.५१ | १०३४ | १०७२ | ३.५७ | ९६.४६ |
| **जम्मा** | **२४६९** | **८५९२** | **१००.००** | **४१७९** | **४४१३** | **३.४८** | **९४.७०** |
| | | | प्रतिशत | ४८.६४ | ५१.३६ | | |

स्रोतः राष्ट्रिय जनगणना २०७८

दूधपोखरी गाउँपालिकामा आर्थिक रूपले सक्रिय जनसङ्ख्या (१५ देखि ५९ वर्ष उमेर समूहको जनसङ्ख्या) कुल जनसङ्ख्याको ५६.४४ प्रतिशत छ (राष्ट्रिय जनगणना २०७८) । यो उमेर समूहलाई गाउँपालिकाले विशेष योजनाकासाथ कृषि तथा पर्यटन जस्ता आर्थिक उत्पादनको क्षेत्रमा लगाउन सक्दछ । यसबाट वैदेशिक रोजगारीका लागि आर्थिक रूपले सक्रीय जनशक्ति पलायन हुनबाट रोकी नगर विकासमा ठूलो फड्को मार्ने अवसर रहेकोछ । उच्च उत्पादन र उत्पादकत्वलाई प्राप्त गर्न चाहिने प्राविधिक सीप र ज्ञान भएको मानव संसाधन विकास मार्फत नयाँ प्रविधिको अन्वेषण गरी उत्पादन प्रक्रियालाई बैज्ञानिक, र प्रभावकारी बनाउन सकिन्छ । यसरी नगरको समृद्धिका प्रमुखक्षेत्रका रूपमा रहेका पर्यटन, आधुनिक कृषि तथा पशुपालन र सूचना प्रविधिसँग सम्बन्धित विषयमा विश्व विद्यालयस्तरको शैक्षिक संस्थाको विकास गरी जनसांख्यिक लाभ लिन सकिन्छ ।

### २.१.१ क्षेत्रफल, सिमाना र वडा विभाजन

दूधपोखरी गाउँपालिकाको स्थापना वि.सं. २०७३ फाल्गुन २७ गते गरिएको थियो । दूधपोखरी गाउँपालिकाको क्षेत्रफल १५३.३३ ब.कि.मी रहेको छ । यो गाउँपालिकामा जम्मा ६ वटा वडाहरू छन् । वडा नं. ६ को गौंडामा साबिकको गौंडा गा.वि.स. को भवनबाट गाउँ कार्यपालिकाको कार्यालय सञ्चालन भइरहेकोमा गाउँ कार्यपालिकाको नयाँ भवन बनेर सर्न तयारी रहेको छ । समुन्द्र सतहबाट ६२२.९७२ मिटर उचाइदेखि ४९८१.६ मिटर सम्म छ । वि.सं. २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय

तह लागू गर्दा लमजुङ जिल्लामा साबिकका दूधपोखरी, बिचौर, इलमपोखरी, कोल्की र गौंडा गाउँ विकास समितिहरूलाई समेटेर दूधपोखरी गाउँपालिका घोषणा गरिएको हो । दूधपोखरी गाउँपालिकाको क्षेत्रफल १५३.३३ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा गोरखा जिल्ला, पश्चिममा दोर्दी गाउँपालिका, उत्तरमा दोर्दी गाउँपालिका, दक्षिणमा राईनास नगरपालिका र गोरखा जिल्ला रहेका छन् ।

| वडा नं. | कार्यालय स्थान | क्षेत्रफल (वर्ग कि.मि) | घरधूरी संख्या | फोन न |
|---|---|---|---|---|
| वडा नं. १ | दूधपोखरी | ६५.१४७४ | ४६६ | ९८५६०४६९३१ |
| वडा नं. २ | बिचौर | १७.११६६ | ४५८ | ९८५६०४६९३३ |
| वडा नं. ३ | ठुलोकाभ्रे | २०.५४८० | २६६ | ९८५६०४६९३५ |
| वडा नं. ४ | ताजी | १३.६७४ | ३१३ | ९८५६०४६९३७ |
| वडा नं. ५ | कोल्की | ११.५८६ | ३७६ | ९८५६०४६९३८ |
| वडा नं. ६ | गौडा | ३२.४४ | ५९० | ९८५६०४६९४० |

### २.१.२ विद्यमान अवस्थाको समीक्षा

गाउँपालिकाको क्षेत्र विस्तार र स्तर वृद्धिसँगै समृद्ध शहर निर्माणका लागि तत्कालिन तथा दीर्घकालिन महत्त्व राख्ने पूर्वाधारहरूको योजनावद्ध ढंगबाट विकास गर्ने लक्ष्यका साथ अगाडि बढिरहेको अवस्था छ । आन्तरिक तथा बाह्य श्रोत परिचालन, सार्वजनिक निजी साझेदारीका अवधारणामा आधारित भई निजी क्षेत्रसँग रहेको सीप र स्रोत परिचालन, औद्योगिक तथा उद्यमशिलता विकास, महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेसी, फरक क्षमता (शारीरिक वा बौद्धिक अपाङ्गता भएका व्यक्ति), जेष्ठ नागरिक तथा पिछडिएका वर्ग जस्ता लक्षित क्षेत्रको समावेशी विकास, विकासका लागि सीप तथा आयमूलक कार्यक्रमहरूको माध्यमबाट रोजगारी सिर्जना, गरिबी न्यूनीकरण, सामाजिक परिचालनका माध्यमद्वारा जनसहभागिता अभिवृद्धि गरी गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकासका लागि उपलब्ध स्रोत साधनको समुचित प्रयोग गर्न सकेमा मात्र घोषित उद्देश्य प्राप्त हुने देखिन्छ ।

**अवसरहरू**

१. कृषि एवम् गैर कृषि प्रणालीमा आधारित सीप वृद्धि गरी थप रोजगारी एवम् आय आर्जन गर्न सकिने,
२. सार्वजनिक निजी साझेदारीको अवधारणा अनुसार विकासमा समन्वयात्मक सहभागिता बढाउन सकिने,
३. गाउँपालिका र यसको आसपासका क्षेत्रमा रहेका सामुदायिक वन, धार्मिक ऐतिहासिक सम्पदा एवम् उष्णदेखि शितोष्ण जलबायु भएका विविधतायुक्त प्राकृतिक सौन्दर्य स्थानहरू समेटी उत्कृष्ट पर्यटकीय गन्तव्यको रूपमा विकास गर्न सकिने,
४. कृषि उपज (धान, गहुँ, मकै) दुग्ध, फलफूल, तरकारी र नगदे वाली उत्पादनको लागि सामुदायिक परिचालन मार्फत सहकार्य गर्न सकिने,
५. जडीबुटी, खनिज तथा नदीजन्य पदार्थको व्यवस्थित उत्खनन र उपयोगबाट गाउँपालिकाको विकास निर्माण तथा आयश्रोत प्रचुर मात्रामा बढाउन सकिने ।

**चुनौती**

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (संशोधन सहित) बमोजिमका व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,
२. सात चरणको योजना तर्जुमा प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा कानुनी व्यवस्था अनुरूपको उत्तरदायित्व पूरा गर्न ससाना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारको योजनामा गाउँपालिकाको बजेटलाई केन्द्रित गर्ने,
३. पर्याप्त जनशक्ति र तिनको प्रभावकारी परिचालनबाट तोकिएका कार्यहरू समयमा र गुणस्तरयुक्तरूपमा सम्पादन गर्ने,
४. उपभोक्ता समितिको काम कारवाहीमा पारदर्शिता, जवाफदेहिता र अर्थपूर्ण जनसहभागिता कायम राख्ने,
५. ठेक्का तथा उपभोक्ता समितिमार्फत गरिने कार्य समयमा सम्पन्न गर्ने,
६. गैर सरकारी क्षेत्रको बजेट तथा कार्यक्रमलाई गाउँपालिकाको प्राथमिकता क्षेत्रमा केन्द्रित गर्ने,
७. दिगो विकासको लक्ष्य प्राप्त गर्न नीति तथा कार्यक्रममा लक्ष्यहरूलाई स्थानीयकरण गर्ने ।

## २.१.३ क्षमता विकास स्वमूल्याङ्कनको अवस्था

स्थानीय सरकारको कार्य जिम्मेवारी सम्पादनको मूल्याङ्कन गर्ने एउटा महत्त्वपूर्ण आधार भनेको संस्थागत क्षमताको लेखाजोखा हो । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय सरकारको कार्य प्रक्रिया र उपलब्धिहरूको लेखाजोखा गरी सबल र दुर्बल पक्षहरूको पहिचान गर्न संस्थागत क्षमता स्व मूल्याङ्कनको प्रावधान आ.ब. २०७७।०७८ बाट शुरु गरेको छ । जसका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८० को प्रयोजनको लागि स्थानीय तहको संस्थागत क्षमता स्व मूल्याङ्कन कार्यविधि २०७७ जारी गरेको छ । कार्यविधि अनुसार हरेक स्थानीय तहले १० वटा क्षेत्रमा सय वटा सूचकको परिधिमा बसेर स्थानीय तहले आफ्नो मूल्याङ्कन तथ्यमा आधारित भएर स्वयंले गरेका छन् । उक्त प्रावधान अनुसार स्थानीय सरकारको दुई आ.व.को कार्य सम्पादनको नतिजा तथा अवस्था अध्ययन गर्न सकिन्छ । स्व मूल्याङ्कन कार्यविधिमा दस वटा क्षेत्रहरू तोकिएका छन्। जसमा शासकीय प्रबन्ध, सङ्गठन तथा प्रशासन, वार्षिक बजेट तथा योजना व्यवस्थापन, वित्तीय एवम् आर्थिक व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, न्यायिक कार्य सम्पादन, भौतिक पूर्वाधार, सामाजिक समावेशीकरण, वातावरण संरक्षण तथा विपद् व्यवस्थापन र सहकार्य र समन्वयका मुख्य विषय क्षेत्रहरू रहेका छन् । यस स्व मूल्याङ्कन प्रावधानको उद्देश्य स्थानीय तहबाट वितरण गरिने सेवा सुविधाहरूलाई पारदर्शी एवं मितव्ययी र प्रभावकारी बनाउन संस्थागत क्षमता विकासमा सहयोग पुऱ्याउनु रहेको छ । यस सन्दर्भमा पालुङटार नगरपालिकाको दुई आर्थिक वर्षमा सम्पादन गरेको कार्य प्रगतिको संस्थागत स्व मूल्याङ्कनको अवस्थाको विश्लेषण गरिएको छ । गत वर्षमा दूधपोखरी गाउँपालिकाले संस्थागत स्व मूल्याङ्कन बाट विभिन्न दसवटा उपशीर्षकमा प्राप्त गरेको नतिजाको समीक्षालाई निम्न तालिका तथा चित्रबाट हेर्न सकिन्छ ।

### स्व-मूल्याङ्कन विषयक्षेत्रहरु

| | स्कोर प्रतिशत |
|---|---|
| शासकीय प्रवन्ध | १००% |
| संगठन तथा प्रशासन | ६२.५% |
| वार्षिक बजेट तथा योजना व्यवस्थापन | ७७.२७% |
| वित्तीय एवम् आर्थिक व्यवस्थापन | ७२.७३% |
| सेवा प्रवाह | ७८.१३% |
| न्यायिक कार्य सम्पादन | ३५.७१% |
| भौतिक पूर्वाधार | ७३.०८% |
| सामाजिक समावेशीकरण | २०% |
| वातावरण संरक्षण तथा विपद व्यवस्थापन | ६६.६७% |
| सहकार्य र समन्वय | ७९.१७% |




## २.२ मानवीय संसाधन

गाउँपालिकाको २०७९ मा सम्पन्न भएको स्थानीय तहको दोस्रो निर्वाचनबाट निर्वाचित जनप्रतिनिधिहरू मार्फत गाउँ कार्यपालिकाको कार्य सञ्चालन भइरहेको छ । यस गाउँपालिकामा जम्मा ३७ जना गाउँसभा सदस्यहरू रहेका छन् । यस गाउँपालिकाले हालका लागि सङ्घीय मन्त्रालयबाट जारी गरिएको सङ्गठन संरचना स्वीकृत गरेको छ । यस संरचना अनुसार गाउँसभा सर्वोच्च अङ्गको रूपमा रहेको छ भने यस अन्तर्गत गाउँ कार्यपालिका रहने व्यवस्था छ । प्रमुख प्रशासकीय अधिकृतले अध्यक्ष अन्तर्गत रही गाउँ कार्यपालिकाको दैनिक प्रशासनिक कार्य सञ्चालन हुने व्यवस्था रहेको छ ।

गाउँपालिकाको सङ्गठन संरचनामा प्रशासन शाखा अन्तर्गत राजस्व प्रशासन उपशाखा रहेको छ । उक्त शाखामा अधिकृत छैठौं तहको १ जना कार्यरत कर्मचारी रहेका छन् ।

स्वीकृत सङ्गठन संरचना अनुसार गाउँपालिकामा ८ वटा शाखाहरू, २ वटा उपशाखा, एउटा इकाइ र ६ वटा वडा कार्यालयहरू रहेका छन् । गाउँ कार्यपालिकाबाट हालै सम्पन्न सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत कर्मचारी सङ्गठन संरचना विवरण देहाय बमोजिम रहेको छः

**तालिका २ः दूधपोखरी गाउँपालिकाको प्रस्तावित शाखागत कर्मचारी दरबन्दी विवरण**

| क्र.स. | शाखा | प्राविधिक | प्रशासनिक | जम्मा |
|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ० | १ | १ |
| २ | प्रशासन शाखा | ० | ४ | ४ |
| ३ | आन्तरिक लेखा परीक्षण एकाइ | ० | १ | १ |
| ४ | आर्थिक प्रशासन शाखा | ० | १ | १ |
| ५ | शिक्षा युवा तथा खेलकुद शाखा | २ | ० | २ |
| ६ | स्वास्थ्य शाखा | ० | २ | २ |

| | | | | |
|---|---|---|---|---|
| ७ | पूर्वाधार शाखा | ४ | ० | ४ |
| ८ | कृषि विकास शाखा | २ | ० | २ |
| ९ | पशु सेवा शाखा | ३ | ० | ३ |
| १० | सुचना प्रविधी शाखा | २ | ० | २ |
| ११ | वडा कायार्लय (६) सबै | २ | १६ | १८ |
| **जम्मा** | | **१५** | **२५** | **४०** |

## २.३ भौतिक सम्पत्ति

स्थानीय सरकारलाई प्राप्त अधिकार र जिम्मेवारी तथा सेवाग्राही नागरिकको अपेक्षा अनुसार जबाफदेही र जिम्मेवार पुर्ण सेवा प्रदान गर्नको लागि भौतिक स्रोत साधनको आवश्यकता पर्ने हुन्छ । स्थानीय सरकारको भूमिकालाई कम लागतमा प्रभावकारी रूपले कार्य सम्पादन गर्न आवश्यक पर्ने कार्यस्थान, भवन तथा सामाग्री, यन्त्र, उपकरण, औजार, सूचना तथा सञ्चार प्रविधिको व्यवस्था र सोको मर्मत सम्भारको आवश्यकतालाई बुझ्न सकिन्छ । गाउँपालिकाको आफ्नै सुविधा सम्पन्न प्रशासनिक कार्यालय भवन निर्माण भइसकेको छ। प्रशासनिक कार्यालय भवनमा गाउँपालिकाका सम्पूर्ण शाखा तथा उपशाखा र इकाईहरू सञ्चालनमा रहने छन् । वडा कार्यालयहरू आफ्नै कार्यालय भवनबाट सञ्चालनमा रहेका छन् । गाउँपालिकाको स्वामित्वमा आवश्यक चारपांग्रे जिप, मोटर साइकल लगायतका सवारी साधनहरू रहेका छन् । कार्यालय तथा सबै वडाहरूमा इन्टरनेट सहितको कम्प्युटर, प्रिन्टरको सुविधा रहेको छ।

# परिच्छेद तीन — स्थानीय तहको राजस्व अधिकार र आय सम्भाव्यता

यस परिच्छेदमा गाउँपालिकाको राजस्व अधिकार सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था, गाउँपालिकाको परिचय, उपलब्ध कानुनी व्यवस्था अनुसार गाउँपालिकाको आन्तरिक आय परिचालनको सम्भाव्यतालाई शीर्षक गत रूपमा विश्लेषण गरिएको छ । यसबाट गाउँपालिकाको आन्तरिक आय परिचालनको विद्यमान अवस्था तथा सम्भावनाको विस्तृत विश्लेषण भई पहिचान गरिएको मुद्दाहरूलाई राजस्व सुधार कार्य योजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ । त्यसैगरी, गाउँपालिकाले राजस्व परिचालनमा गरेका प्रयासहरू तथा आय सङ्कलनको अवस्थालाई छोटकरीमा व्याख्या गरिएको छ । यसले गाउँपालिकाको आय सङ्कलनको लागि संस्थागत क्षमतामा सुधार गर्न गर्नुपर्ने कार्यहरू पहिचान गर्न सहयोग पुग्नेछ ।

## ३.१ स्थानीय सरकारको राजस्व अधिकार

नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन तथा अन्तर सरकारी वित्त व्यवस्थापन ऐनमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी गरिएको प्रावधानहरू यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ३.१.१ राजस्व अधिकार सम्बन्धी संवैधानिक व्यवस्था

नेपालको संविधानको अनुसूची—८ (स्थानीय तहको अधिकार सूची) को प्रावधान अनुसार स्थानीय सरकारलाई निम्नअनुसार राजस्व अधिकार प्रदान गरेको छः

- घर जग्गा बहाल कर
- घर जग्गा रजिस्ट्रेसन शुल्क
- दण्ड जरिबाना
- पर्यटन शुल्क
- प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी
- भूमिकर (मालपोत)
- मनोरञ्जन कर
- विज्ञापन कर
- व्यवसाय कर
- सम्पत्ति कर
- सवारी साधन कर
- सेवा शुल्क, दस्तुर

त्यसैगरी नेपालको संविधानमा स्थानीय सरकारको राजस्व अधिकार सम्बन्धी निम्न धारामा देहाय अनुसार थप प्रावधान रहेको छः

**धारा २२८ : कर लगाउन वा ऋण लिन नपाइने**

नेपालको संविधानको भाग १९ मा स्थानीय आर्थिक कार्यप्रणालीको व्याख्या गरेको छ जस अनुसार धारा २२८ ले निम्न अनुसारको व्यवस्था गरेको छ :

(१) कानुन बमोजिम बाहेक कुनै कर लगाउन, उठाउन र ऋण लगाउन पाइने छैन ।

(२) आफ्नो अधिकार क्षेत्र भित्रको विषयमा राष्ट्रिय नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश वा स्थानीय तहलाई प्रतिकूल नहुने गरी कानुन बनाई कर लगाउन सक्नेछ। त्यसरी नै संविधानको धारा २२९ ले स्थानीय सञ्चित कोषको व्यवस्था गरेको छ जस अनुसार स्थानीय तह अन्तर्गत प्रत्येक गाउँपालिकामा एक स्थानीय सञ्चित कोष रहने छ । त्यस्तो कोषमा गाउँपालिकालाई प्राप्त हुने सबै

प्रकारको राजस्व, नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा गाउँपालिका वा गाउँपालिकाले लिएको ऋण रकम र अन्य स्रोतबाट प्राप्त हुने रकम जम्मा हुनेछ । साथै स्थानीय सञ्चित कोषबाट गर्न सकिने खर्च सम्बन्धित व्यवस्था स्थानीय कानुन बमोजिम हुनेछ भनेर व्याख्या गरेको छ ।

**धारा २३६ : अन्तर प्रदेश व्यापार**

संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसुल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन भन्ने व्यवस्था रहेको छ ।

### ३.१.२ राजस्व अधिकार सम्बन्धी सङ्घीय ऐनका व्यवस्था

१. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को संशोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नअनुसार आय सङ्कलन गर्ने अधिकार प्रदान गरेको छ :

**(क) गाउँपालिका वा गाउँपालिकाको एकल अधिकार**

**अ) कर**

- **सम्पत्ति कर :** आफ्नो क्षेत्रभित्रको घर र घरजग्गामा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमिकर (मालपोत) लगाउनु पर्ने । "घरले चर्चेको जग्गा" भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गासम्म पर्ने ।
- **भूमि कर (मालपोत) :** आफ्नो क्षेत्रभित्रको जग्गामा त्यस्तो जग्गाको उपयोगका आधारमा लगाउने तर सम्पत्ति कर लगाएको अवस्थामा भूमिकर (मालपोत) लगाउन नपाइने ।
- **घर जग्गा बहाल कर :** कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएकोमा ।
- **व्यवसाय कर :** पुँजीगत लगानी र आर्थिक कारोबारको आधारमा ।
- **सवारी कर :** टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सामा ।
- **जडीबुटी, कबाडी र जीवजन्तु कर :** आफ्नो क्षेत्रभित्र ऊन, खोटो, जडीबुटी, बनकस (खर), कबाडी माल, जीवजन्तुको हाड, सीङ, प्वाँख, छालाको व्यावसायिक उपयोग गरे बापत ।

**आ) शुल्क**

- **बहाल बिटौरी शुल्कः** आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट, बजार वा पसल वा सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत ।
- **पार्किङ शुल्कः** आफ्नो क्षेत्रभित्र कुनै सवारीलाई पार्किङ सेवा उपलब्ध गराए बापत ।

**इ) सेवा शुल्क**

- आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केवल कार, ट्रेकिङ, कायकिङ, बञ्जी जम्प, जिपफ्लायर, प्याराग्लाइडिङ आदि मनोरञ्जन तथा साहसी खेलकुदसम्बन्धी सेवा वा व्यवसायमा ।

- आफूले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको सेवामा (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, फोहर मैला व्यवस्थापन, सरसफाइ, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वध शाला, शव दाह गृह, धोबीघाट, सडक, बसपार्क, पुल आदि)
- अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सेवा शुल्क ।
- सिफारिस सम्बन्धी कुनै सेवा शुल्क ।

**ई) दस्तुर**

दर्ता, अनुमति तथा नवीकरण दस्तुर

- एफ एम रेडियो सञ्चालन, "घ" वर्गको निर्माण इजाजत पत्र,विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ ।
- ढुङ्गा, गिट्टी, बालुवा, माटो, खरी ढुङ्गा, स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग ।
- नक्सा पास दस्तुर ।
- पञ्जिकरण व्यवस्थापन दस्तुर ।
- वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर ।

**उ) बिक्री गर्न सक्ने**

- गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तुको बिक्री गर्न सक्ने ।
- गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक तथा ऐलानी जग्गामा रहेको काठ दाउरा, जरा जुरी, दहत्तर बहत्तर आदिको बिक्री गर्न सक्ने ।
- यस्तो बिक्रीबाट प्राप्त रकम गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**ऊ) सामुदायिक वनबाट आय प्राप्त गर्ने**

- सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्य योजना बनाई गाउँपालिकाबाट स्वीकृत गराउनु पर्ने ।
- वन पैदावारको बिक्री बापत प्राप्त हुने रकमको १० प्रतिशत रकम सम्बन्धित गाउँपालिका तथा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

**(ख) प्रदेश तथा सङ्घीय कानुन अनुसार प्राप्त हुने (स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११ (४ घ))**

- प्राकृतिक स्रोत साधन र सेवा शुल्क रोयल्टी ।
- खनिज पदार्थको उत्खनन रोयल्टी ।
- सामुदायिक वनको सञ्चालन व्यवस्थापनबाट प्राप्त रोयल्टी ।
- पानी घट्ट, कुलो-पैनी जस्ता सेवाबाट रोयल्टी ।
- खानेपानी महसुल ।
- स्थानीय साना सतह तथा भूमिगत सिँचाइ सेवा शुल्क ।

- स्थानीय स्तरमा जडीबुटी तथा गैर काष्ठ वन पैदावार उत्पादन, सङ्कलन, प्रशोधन र बजार व्यवस्थापन।
- जनरल अस्पताल, नर्सिङ होम, निदान केन्द्र र स्वास्थ्य संस्थाको दर्ता, सञ्चालन अनुमति ।
- स्थानीय सार्वजनिक यातायातको रुट अनुमति, नवीकरण ।
- इन्टरनेट सेवा, टेली सेन्टर, केवल, तार विहीन टेलिभिजन प्रसारण अनुमति, नवीकरण ।
- स्थानीय सरकारका पत्रपत्रिकाको दर्ता ।

२. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ (केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ को संशोधन समेत समावेश) अनुसार स्थानीय सरकारलाई निम्नअनुसार राजस्व सम्बन्धी वित्तीय अधिकार प्रदान गरेको छ :

**(क) एकल कर प्रशासन सम्बन्धी व्यवस्था (आर्थिक ऐन २०७५ वाट संशोधित व्यवस्था)**

१. सवारी साधन करको दर प्रदेशले लगाउने र उठाउने । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतिय रिक्सामा सवारी साधन करको दर गाउँपालिका वा गाउँपालिकाले लगाउने र उठाउने ।

२. घरजग्गा रजिस्ट्रेसन शुल्कको दर प्रदेशले लगाउने र गाउँपालिका वा गाउँपालिकाले उठाउने

३. मनोरञ्जन करको दर प्रदेशले लगाउने र गाउँपालिका वा गाउँपालिकाले उठाउने ।

४. विज्ञापन करको दर गाउँपालिका वा गाउँपालिकाले लगाउने र उठाउने ।

(२), (३) र (४) बमोजिमको करबाट उठेको रकममध्ये ६० प्रतिशत रकम गाउँपालिका वा गाउँपालिकाको सञ्चित कोषमा जम्मा गरी ४० प्रतिशत रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नु पर्ने ।

५. प्रदेशले सवारी साधन करबाट उठेको रकम प्रदेश विभाज्य कोषमा जम्मा गर्नुपर्ने ।

६. प्रदेश विभाज्य कोषमा जम्मा भएको रकममध्ये ६० प्रतिशत रकम प्रदेश सरकारलाई र ४० प्रतिशत स्थानीय सरकारलाई बाँडफाँट गरिने ।

७. प्राकृतिक श्रोत तथा वित्त आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम प्रदेश सरकारले स्थानीय सरकारलाई बाँडफाँट गर्ने ।

८. प्रदेशले मासिक रूपमा सम्बन्धित स्थानीय सञ्चित कोषमा जम्मा गर्नुपर्ने ।

**(ख) राजस्व बाँडफाँट**

वित्तीय सङ्घीयताको अर्को महत्त्वपूर्ण पक्ष भनेको एक तहको सरकारले उठाएको राजस्व अन्य तहहरूमा समेत बाँडफाँट गर्नु हो । माथिल्लो तहका सरकारबाट तल्लो तहमा बाँडफाँट हुने (Vertical Revenue Sharing) प्रणाली हाम्रो देशले अपनाएको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले व्यवस्था गरे अनुसार,

१. नेपाल सरकारले सङ्कलन गरेको मूल्य अभिवृद्धि कर र अन्तःशुल्कबाट सङ्कलन भएको रकमको १५ प्रतिशत स्थानीय विभाज्य कोषमा जम्मा हुने ।
    - आयोगले निर्धारण गरेको आधार र ढाँचा बमोजिम बाँडफाँट हुने ।
    - स्थानीय सञ्चित कोषमा मासिक रूपमा प्राप्त हुने ।

२. प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको बाँडफाँट आयोगको सिफारिसमा प्राकृतिक स्रोतको उपयोगबाट प्रभावित हुने स्थानीय सरकारलाई २५ प्रतिशत प्रदान गरिने ।

- प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी वार्षिक रूपमा प्राप्त हुने ।

**(ग) अनुदान (वित्तीय हस्तान्तरण)**

नेपालको संविधानको धारा ६० को उपधारा (३) मा प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिस बमोजिम हुने व्यवस्था गरेको छ । नेपालमा राजस्व बाँडफाँटको अतिरिक्त मूलतः चार प्रकारका अनुदान माध्यमबाट अन्तर सरकारी वित्तीय हस्तान्तरण गरिने व्यवस्था संविधान र कानुनमा गरिएको छ ।




१. **वित्तीय समानीकरण अनुदानः** खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा आयोगको सिफारिसमा सङ्घ र प्रदेशबाट प्राप्त ।
२. **ससर्त अनुदानः** कुनै योजना कार्यान्वयन गर्न आयोगले तोकेको आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने ।
३. **समपूरक अनुदानः** पूर्वाधार विकास सम्बन्धी कुनै योजना कार्यान्वयन गर्न योजनाको कूल लागतको अनुपातका आधारमा सङ्घ र प्रदेशबाट प्राप्त हुने ।
४. **विशेष अनुदानः** कुनै खास उद्देश्य र योजनाको लागि सङ्घ र प्रदेशबाट ।

**(घ) वैदेशिक सहायता तथा आन्तरिक ऋण**

१. नेपाल सरकारको पूर्व स्वीकृति लिएर मात्र वैदेशिक अनुदान वा सहयोगमा योजना वा कार्यक्रम कार्यान्वयन गर्न गराउन सक्ने ।
२. नेपाल सरकारको सहमति लिएर मात्र वित्त आयोगले सिफारिस गरेको सीमाभित्र आन्तरिक ऋण लिन सक्ने ।
३. नेपाल सरकारसँग मनासिब कार्यका लागि ऋण लिन सक्ने ।
   उपरोक्त व्यवस्थाहरूले स्थानीय सरकारलाई प्राप्त हुन सक्ने आयका स्रोतहरूलाई व्याख्या गरेको छ । स्थानीय सरकारले कानुन बमोजिम बाहेक आफ्नो अधिकार क्षेत्रमा कुनै कर लगाउन, उठाउन र ऋण लिन नपाउने व्यवस्था रहेका छ।
४. कर लगाउँदा राष्ट्रिय आर्थिक नीति, वस्तु तथा सेवाको ओसार पसार, पूँजी तथा श्रम बजार, छिमेकी प्रदेश तथा स्थानीय सरकारलाई प्रतिकूल असर नहुने गरी लगाउनु पर्ने (संवैधानिक व्यवस्था) ।

५. **कर नलाग्ने:** कूटनीतिक नियोग, कूटनीतिज्ञ, वैदेशिक ऋण वा सहायताबाट सञ्चालित परियोजनाबाट हुने पैठारी, सामूहिक वा संयुक्त आवासको बिक्री नभएको स्टक, सामूहिक आवासको सार्वजनिक उपयोगको क्षेत्र ।

६. सेवा शुल्क असुली कार्य आफैं वा व्यवस्थापन करार वा सार्वजनिक निजी साझेदारीबाट गर्न सक्ने ।

## ३.२ आन्तरिक आय परिचालनको वर्तमान अवस्था

गाउँपालिकालाई प्राप्त कानुनी अधिकारको आधारमा सम्भाव्य आय शीर्षकहरूको परिचालन अवस्थाको विश्लेषण गरिएको छ । यसले गाउँपालिकामा सम्भावना भएका आय शीर्षकहरूको सम्भाव्यता, सङ्कलनको अवस्था तथा दरको निर्धारणको अवस्थालाई देखाउँछ ।

**तालिका ३: आन्तरिक आय परिचालनको वर्तमान अवस्था**

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| **क.** | **कर तर्फ** | | | |
| १ | भूमि कर (मालपोत) | छ | भएको | भएको |
| २ | सम्पत्ति कर | छ | नभएको | नभएको |
| ३ | सवारी कर (टाँगा, रिक्सा, अटो रिक्सा, इ रिक्सा) | छैन | नभएको | नभएको |
| ४ | घर जग्गा बहाल कर | छ | भएको | भएको |
| ५ | व्यवसाय कर | छ | भएको | भएको |
| ६ | जडीबुटी, कवाडी र जीवजन्तु कर | छ | भएको | भएको |
| ७ | विज्ञापन कर | छ | नभएको | भएको |
| **ख.** | **अन्य राजस्व** | | | |
| १ | ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ, दाउरा, जराजुरी, स्लेट, खरी ढुङ्गा आदि प्राकृतिक एवं खानीजन्य वस्तुको विक्री तथा निकासी शुल्क | छ | नभएको | भएको |
| २ | नक्सापास दस्तुर | छ | नभएको | नभएको |
| ३ | व्यक्तिगत घटना दर्ता शुल्क | छ | भएको | भएको |
| ४ | बहाल बिटौरी शुल्क | छ | भएको | भएको |
| ५ | पार्किङ शुल्क | छैन | नभएको | नभएको |
| ६ | अस्पताल सञ्चालन | छैन | नभएको | नभएको |
| ७ | फोहरमैला व्यवस्थापन शुल्क | छ | नभएको | नभएको |
| ८ | स्थानीय खानेपानी महसुल | छैन | नभएको | नभएको |
| ९ | स्थानीय विद्युत महसुल | छैन | नभएको | नभएको |
| १० | केवलकार, टेकिङ, कायाकिङ, वन्जीजम्प, जिपफ्लायर, प्याराग्लाईडिङ आदि मनोरंजन तथा साहसी खेलकुद सम्बन्धी सेवा तथा व्यवसायमा सेवा शुल्क | छ | नभएको | नभएको |

| क्र.सं. | आयका प्रकार | सम्भावनाको विवरण | सङ्कलन भएको/नभएको | दर निर्धारणको अवस्था |
|---|---|---|---|---|
| ११ | निर्माण, सञ्चालन र व्यवस्थापन गरेका स्थानीय पूर्वाधार तथा सेवामा सेवा शुल्क (खानेपानी, बिजुली, धारा, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह, ढल निकास, सडक बत्ती, शौचालय, पार्क, पौडी पोखरी, व्यायामशाला, पर्यटकीय स्थल, हाटबजार, पशु वधशाला, विधुतिय शवदाह, धोबीघाट, सडक, बसपार्क, पुल आदि | छ | नभएको | भएको |
| १२ | मूल्याङ्कन सेवा शुल्क | छ | भएको | भएको |
| १३ | दर्ता, अनुमति तथा नवीकरण दस्तुर, एफएम रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म | छ | भएको | भएको |
| १४ | ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण, उत्खनन तथा उपयोग शुल्क | छ | नभएको | नभएको |
| १५ | वडा मार्फत गरिने सिफारिस तथा प्रमाणित दस्तुर | छ | भएको | भएको |
| १६ | दण्ड जरिबाना | छ | भएको | भएको |

उल्लिखित तालिकाका आधारमा विश्लेषण गर्दा गाउँपालिकाले कर तर्फ स्थानीय सवारी कर बाहेक ४ वटा शीर्षकहरूमा करका दरहरू निर्धारण गरी राजस्व सङ्कलन गरिरहेकोमा सम्पत्ति कर र विज्ञापन करको सम्भावना भएता पनि दर निर्धारण नभएको र कर सङ्कलन पनि नभएकोमा सवारी कर (टाँगा, रिक्सा, अटो रिक्सा, इ रिक्सा) तर्फ सम्भावना नै नरहेको देखिन्छ ।

त्यसैगरी गैर करतर्फ समग्रमा जम्मा १६ वटा शीर्षकहरू मध्ये ४ वटा आय शीर्षकमा कर सङ्कलन हुने सम्भावना नरहेको देखिन्छ भने ७ वटा शीर्षकमा मात्र दर निर्धारण भएको र आय सङ्कलन समेत गरिरहेको देखिन्छ ।

गाउँपालिकालाई खानी जन्य वस्तुको विक्री गर्ने अधिकार प्राप्त भए तापनि यसको हालसम्म दर निर्धारण तथा सङ्कलन भएको छैन । गाउँपालिकाले प्रदेश सरकारले निर्धारण गर्ने शुल्क अन्तर्गत खानी जन्य वस्तुको शुल्क सङ्कलन गरी प्रदेशसँग राजस्व बाँडफाँट गर्ने व्यवस्था छ ।

## ३.३ आन्तरिक आय स्रोतका प्रमुख क्षेत्र र सम्भावना विश्लेषण

गाउँपालिकाले प्रचलित कानुन बमोजिम आन्तरिक स्रोत तर्फ सङ्कलन गर्ने राजस्व मध्ये यस गाउँपालिकाले हाल उठाइरहेका विद्यमान तथा सम्भावित नयाँ आय क्षेत्रहरूको सम्भावनाको विश्लेषणात्मक अध्ययन यस शीर्षक अन्तर्गत प्रस्तुत गरिएको छ ।

### ३.३.१ कर राजस्व

#### क. सम्पत्ति कर

**हालको अवस्था**

दूधपोखरी गाउँपालिकाले हालसम्म सम्पत्ति कर सङ्कलन गर्न सुरुवात गरेको छैन । सम्पत्ति कर कार्यान्वयनका लागि गाउँपालिकाले सम्पत्ति मूल्याङ्कन सहितको आर्थिक नीति बनाएर सम्पत्ति कर असुली गर्नुपर्ने देखिन्छ ।

**संभाव्यता**

यस गाउँपालिकामा राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार २४६९ घरधुरी रहेको देखिन्छ । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा र अधिकतम सो जग्गा बराबरको थप जग्गामा मात्र सम्पत्ति कर लाग्ने हुँदा उल्लिखित घर परिवार सङ्ख्या २४६९ लाई नै यस अध्ययनको प्रयोजनका लागि कूल सम्पत्ति करदाता सङ्ख्या कायम गरिएको छ ।

आर्थिक ऐनमा दर निर्धारण गरी करदाताको सङ्ख्या तथा सम्पत्ति करको न्यूनतम औसत अनुमानित दरका आधारमा गणना गर्दा सम्पत्ति करको सम्भाव्यता निम्नअनुसारको देखिन्छ ।

**तालिका ४: सम्पत्ति करको प्रक्षेपण**

| क्र.सं. | सम्पत्तिको मूल्य रु (भन्दा माथि) | सम्पत्तिको मूल्य रु(सम्मको लागि) | सम्भावित कर दाता सङ्ख्या | करको दर रु. प्रति लाखमा | औसत सम्पत्ति करको दर | सम्भावित कर सङ्कलन |
|---|---|---|---|---|---|---|
| १ | १ | ५,००,००० | ९५० | ३० | ७५ | ७१२५० |
| २ | ५,००,००१ | १०,००,००० | ९०० | ३५ | २६५ | २३८५०० |
| ३ | १०,००,००१ | १५,००,००० | ४३५ | ४० | ५०० | २१७५०० |
| ४ | १५,००,००१ | २५,००,००० | १५० | ४५ | ९०० | १३५००० |
| ५ | ४०,००,००१ | ५०,००,००० | ३० | ५० | १८७५ | ५६२५० |
| १२ | ५० लाख भन्दा माथि | | ४ | ६० | ३२०० | १२८०० |
| जम्मा | | | २४६९ | | | ७३१३०० |

आगामी आ. व. मा नै सत प्रतिशत करदाताबाट सम्पत्ति कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य सम्पत्ति करको करिब ४० प्रतिशत हाराहारीमा मात्रै सम्पत्ति कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ । त्यसैगरी आर्थिक ऐन मा चालू आ. व. को असार मसान्त भित्रमा कर नबुझाएमा जरिबानाको व्यवस्था गर्नुपर्ने हुन्छ । आर्थिक ऐनमा रजिस्ट्रेसन प्रयोजनको लागि मालपोत कार्यालय लमजुङले तयार गरेको घर जग्गाको मूल्याङ्कनलाई नै सम्पत्ति कर प्रयोजनको लागि घर तथा जग्गाको मूल्याङ्कनको आधार मानिने प्रावधान राख्न उपयुक्त हुन्छ । चालू आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्ष पौष मसान्त सम्ममा बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरि असुल गरिने पनि प्रावधान राख्न सकिन्छ ।

**तालिका ५: सम्पत्ति करको प्रस्तावित जरिबाना दर**

| सि.नं. | विवरण | जरिबाना दर |
|---|---|---|

| | | |
|---|---|---|
| १ | म्याद नाघेको पहिलो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको १० प्रतिशत |
| २ | म्याद नाघेको दोस्रो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको २० प्रतिशत |
| ३ | म्याद नाघेको तेस्रो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको ३० प्रतिशत |
| ४ | म्याद नाघेको चौथो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको ५० प्रतिशत |
| ५ | म्याद नाघेको पाँचौं आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको १०० प्रतिशत |

**सुधारका पक्षहरू**

सम्पत्ति कर कार्यान्वयनमा आइसकेको भए पनि सम्भावित सबै करदाता करको दायरामा आइसकेको देखिँदैन । सम्पत्ति करका सम्बन्धमा गाउँपालिकाले सुधार गर्नुपर्ने विषयहरू निम्नअनुसार रहेको देखिन्छः

- गाउँपालिकाको आर्थिक ऐनमा हाल भएको सम्पत्ति कर सम्बन्धी प्रावधानलाई विद्यमान सङ्घीय कानुन बमोजिम हुने गरी उल्लेख गर्ने ।
- आर्थिक ऐनमा जरिबानाको व्यवस्था गरी कडाइसाथ लागू गर्ने ।
- गाउँपालिकाका सबै सम्भावित करदाताको लगत सङ्कलन गरी घर दर्ता सम्पन्न गर्ने ।
- सम्पत्ति मूल्याङ्कन दर र सम्पत्ति करको दर पुनरावलोकन गरी यथार्थपरक बनाउने ।
- करको दायरामा नआएकालाई सूचना मूलक, जनचेतना मूलक तथा अन्य कार्यक्रमहरू मार्फत करको दायरामा ल्याउने ।
- सम्बन्धित करदाताको सम्पत्ति मूल्याङ्कन यथार्थ परक बनाउन घर र बाटोको डिजिटल नक्साङ्कन गरी नियमित अद्यावधिक गर्ने व्यवस्था गर्ने तथा यसलाई राजस्व सङ्कलन गर्ने कर्मचारीको सहज पहुँचमा राख्ने ।
- सबै वडामा कम्प्युटरमा आधारित बिलिङ पद्धतिलाई अनिवार्य गर्ने ।
- सम्पत्ति करको बीजकलाई सूचना प्रविधिको माध्यमद्वारा करदातालाई अग्रिम रूपमा जानकारी गराउने पद्धति सुरु गर्ने ।

## ख. भूमि कर (मालपोत)

**हालको अवस्था**

दूधपोखरी गाउँपालिकाले सम्पत्ति कर कार्यान्वयन गरिसकेको अवस्थामा सम्पत्ति कर लागू नभएका जमिनको हकमा मात्रै भूमि कर (मालपोत) सङ्कलन हुने गरेको अवस्था देखिन्छ भने मालपोत बापतको बक्यौता रकम पनि क्रमशः असुली हुने गरेको छ । गाउँ कार्यपालिकाले भूमिकर (मालपोत) को दररेटहरू निर्धारण गरी असुली गरिरहेको अवस्था छ । आ. व. २०७९/८० मा सम्पत्ति कर र भूमिकर एकमुस्ट रूपमा रु. १० लाख अनुमान गरिएकोमा सो बापत रु. १४ लाख ३५ हजार २८४(४३.५ प्रतिशत बढी) सङ्कलन भएको छ जुन चालू आ. व. को अनुमान रु. १५ लाख रहेको छ ।

**संभाव्यता**

गाउँपालिकाले पूर्ण रूपमा सम्पत्ति कर लागू गरिरहेको अवस्थामा सम्पत्ति कर लागू हुने बाहेकका जग्गामा मात्रै भूमिकर (मालपोत) सङ्कलन हुने देखिन्छ । विद्यमान कानुनी व्यवस्थाले घर र घरले चर्चेको जग्गा बाहेकका

क्षेत्रमा भूमि कर वा मालपोत लगाइने हुँदा गाउँपालिकाको जग्गा वर्गीकरण गरी सोही नतिजाका अनुसार भूमिकर (मालपोत) का दररेटहरू लाई केही समय सान्दर्भिक परिमार्जनको सिफारिस सहित आवास क्षेत्रको करिब ३५ प्रतिशत र कृषि क्षेत्रको करिब ९० प्रतिशत जमिनबाट भूमिकर सङ्कलन हुन सक्ने सम्भावना सहित देहाय अनुसारको प्रक्षेपण गरिएको छ ।

**तालिका ६: भूमिकरको प्रक्षेपण**

| करदाता सम्बन्धी विवरण | एकाइ | प्रस्तावित करको दर | कर योग्य जमिनको परिमाण (अनुमानित) | सम्भाव्य सङ्कलन |
|---|---|---|---|---|
| **आवासीय क्षेत्र (करिब ३५ प्रतिशत भूमिकर योग्य)** | | | | |
| घडेरी | प्रति आना | ४० | २०० | ८००० |
| खेत | प्रति रोपनी | २५ | १५०० | ३७५०० |
| बारी | प्रति रोपनी | २० | १८०० | ३६००० |
| | | | | **८१५००** |
| **खेतीयोग्य क्षेत्र (करिब ९० प्रतिशत भूमिकर योग्य)** | | | | |
| कृषि क्षेत्र | | | | |
| मुख्य सडकले छोएको खेत | प्रति रोपनी | १८ | ३००० | ५४००० |
| मुख्य सडकले छोएको बारी | प्रति रोपनी | १५ | १०००० | १५०००० |
| सहायक बाटोले छोएको खेत | प्रति रोपनी | १५ | १२००० | १८०००० |
| सहायक बाटोले छोएको बारी | प्रति रोपनी | १२ | २१००० | २५२००० |
| सडक संजालले नछोएको खेत | प्रति रोपनी | १२ | २०००० | २४०००० |
| सडक संजालले नछोएको बारी | प्रति रोपनी | १० | ३५००० | ३५०००० |
| निजी वन | प्रति रोपनी | १० | ३५००० | ३५०००० |
| **जम्मा** | | | | **१५७६०००** |
| **कूल जम्मा** | | | | **१६५७५००** |

शत प्रतिशत करदाताबाट आगामी आ. व. मा नै भूमिकर वा मालपोत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य सम्पत्ति करको करिब ९० प्रतिशत हाराहारीमा मात्रै भूमि कर वा मालपोत सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

**सुधारका पक्षहरू**

गाउँपालिकामा भूमिकर (मालपोत) तथा करदाता सम्बन्धी विस्तृत र यकिन तथ्याङ्क उपलब्ध छैन । भूमि र करदाता सम्बन्धी विस्तृत र एकिन तथ्याङ्क सङ्कलन र नियमित अद्यावधिक गरी मालपोत सम्बन्धमा प्रमुख आवश्यकताको रूपमा रहेको निम्न पक्षहरूमा थप सुधार गर्नुपर्ने देखिन्छ :

- गाउँपालिकामा भूमि तथा करदाता सम्बन्धी विस्तृत र यकिन तथ्याङ्क सङ्कलन गर्ने ।
- सङ्घीय कानुन सँग नबाझिने गरी घर टहरा नभएको सबै जग्गामा भूमिकर (मालपोत) लगाउन पर्याप्त गृहकार्य गर्ने ।
- जग्गाको मूल्यको आधारमा भूमिकर सङ्कलन गर्ने गरी व्यवस्थालाई थप पारदर्शी र प्रभावकारी बनाउने।
- मालपोत बक्यौता अभिलेख अद्यावधिक तथा असुलीमा विशेष जोड दिने ।

## ग. घरजग्गा बहाल कर

**हालको अवस्था**

गाउँपालिकाले आर्थिक ऐनमा उल्लेख गर्दै गाउँपालिका क्षेत्रभित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, शेड, कारखाना, जग्गा पुरै वा आंशिक रूपमा बहाल लगाएका घरधनीबाट वार्षिक रूपमा बहाल रकमको १० प्रतिशत असुल गर्ने व्यवस्था गरेको छ । गाउँपालिकाले प्रभावकारी रूपमा यो कर सङ्कलन गर्न सकेको देखिँदैन । हालसम्म संस्थागत रूपमा बहालमा बस्ने संस्थाहरूले अन्य निकायको कानुनी प्रावधानका कारण नबुझाई नहुने भएको खण्डमा मात्र कर बुझाउने गरेको देखिन्छ । घर बहाल कर बापत गत आ. व. २०७९/८० मा कर अनुमान गरिएको थिएन सो बापत कति रकम सङ्कलन भएको स्पष्ट हुन सकेन केही वित्तीय संस्थाले कर तिरेको तर सो शीर्षकमा उल्लेख नभएको देखिन्छ जुन चालू आ. व. २०८०/८१ मा पनि अनुमान गरिएको छैन ।

**संभाव्यता**

गाउँपालिका क्षेत्रमा पसल व्यवसाय, बैंक तथा वित्तीय संस्था, सहकारी संस्था र सरकारी तथा गैरसरकारी संस्थाहरूलाई सटर तथा कोठा भाडामा लगाइएको छ। गाउँपालिकामा हाल घर बहालमा लगाउने घरधनीहरूको यथार्थ विवरण नभएता पनि हाल गाउँपालिकामा घर बहाल कर बुझाउनको संख्या सारै न्यून रहेको पाइयो । गाउँपालिकामा भएको छलफल अनुसार पालिकामा नआई नहुने अवस्थाका कर दाताहरू जस्तै बैंक तथा वित्तीय संस्था, सहकारी संस्था एवं गैरसरकारी संस्थाहरू र वैदेशिक अध्ययन वा भ्रमण वा बैंक प्रयोजनको लागि मात्र बहाल कर बुझाउन आउने गरेको देखिन्छ । वर्तमान अवस्थामा बजार बिस्तार तथा अस्थायी बसोबासको क्रम बढ्दै गएकोले घर तथा सटरहरू बहालमा जाने क्रम वृद्धि भएको पाइन्छ । साथै घर बहालमा लिने दिने बीचको संझौता समेत यथार्थपरक नहुने गरेकोले पनि एकिन आकलन गर्न गाह्रो छ । अतः आगामी दिनमा गाउँपालिकाले यस सम्बन्धी विस्तृत तथ्याङ्क सङ्कलन गरी घर बहालमा लगाउने घरधनीहरूलाई करको दायरामा ल्याउन आवश्यक छ । आगामी दिनहरूको लागि घर बहाल करको संभावनालाई सोही अनुसार प्रक्षेपण गरिएको छ । गाउँपालिकाले घरजग्गा बहाल करलाई एकमुस्ट गरी कूल भाडा रकमको १० प्रतिशत दर कायम गरेको छ । राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार २४६९ घरधूरी रहेको र त्यस मध्ये करिब १ प्रतिशत (२५) घर परिवार भाडामा बसेको देखिन्छ तर धेरै घरहरू आंशिक रूपमा व्यावसायिक एवं संस्थागत प्रयोजनका लागि प्रयोग भएकाले करिब २ प्रतिशत (५०) घरहरू बहालमा लगाउने गरेको अनुमान गर्न सकिन्छ जसबाट गाउँपालिकालाई घर बहाल कर मार्फत निम्नअनुसारको घर जग्गा बहाल कर प्राप्त हुने सम्भावना देखिन्छ ।

**तालिका ७: घरजग्गा बहाल करको प्रक्षेपण**

| प्रयोजनका आधारमा बहाल लिने करदाता | बहालमा भएको संख्या | औसत मासिक भाडा रकम जम्मा | वार्षिक भाडा असुली | प्रस्तावित करको दर (%) | सम्भावित घर बहाल कर |
|---|---|---|---|---|---|
| | (क) | (ख) | (ग) | (घ) | |
| अडिट गर्ने तथा संस्थागत व्यावसायिक फर्म, वित्तीय संस्था तथा सार्वजनिक संस्थाहरू (औसत मासिक रु. ३००० भाडा आर्जन गर्ने) | २५ | ३००० | ७५००० | १० | ७५०० |
| उल्लेखित बाहेक व्यावसायिक तथा घरयासी प्रयोजनले बहालमा लगाउने (औसत मासिक रु. १००० भाडा आर्जन गर्ने) | ५० | १००० | ५०००० | १० | ५००० |
| **जम्मा** | ७५ | | १२५००० | | १२५०० |

**<u>सुधारका पक्षहरू</u>**

- बहालमा भएका घरजग्गाको लगत सङ्कलन गरी अद्यावधिक गर्ने र सम्पत्ति करसँग आबद्ध गर्ने।
- घरजग्गा बहाल कर सङ्कलन कार्यविधि तर्जुमा गर्ने ।
- आर्थिक ऐन वा कार्यविधिमा बहाल कर नतिरेमा हुन सक्ने दण्ड सजाय सम्बन्धी स्पष्ट प्रावधान राख्ने ।
- गाउँपालिका वासीलाई कर भार कम गर्न तथा सबैलाई कर दायरामा ल्याउन घरजग्गा बहाल करका दर उपयोग वर्गीकरण समेत गरी घटाउने ।

शत प्रतिशत करदाताबाट आगामी आ. व. मा नै घरजग्गा बहाल कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य घरजग्गा बहाल करको करिब ७० प्रतिशत हाराहारीमा मात्रै घरजग्गा बहाल कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### घ. व्यवसाय कर

**<u>हालको अवस्था</u>**

गाउँपालिकाले आर्थिक ऐन मार्फत कारोबारको प्रक्रिति हेरी व्यापार, व्यवसाय र सेवामा पुंजीगत लगानी र आर्थिक कारोबारका आधारमा व्यवसाय कर लगाउने व्यवस्था गरेको छ । आर्थिक ऐनमा अधिकृत पूँजीका आधारमा व्यवसायहरूलाई विभिन्न समूह बनाएर वर्गीकरण गरिएको छ । करको दर न्यूनतम रु. ५,०० देखि अधिकतम रु. २०,००० सम्म रहेको छ । तर ऐनमा कर नतिरेमा हुन सक्ने दण्ड सजायको बारेमा व्यवस्था भने गरिएको देखिँदैन । गाउँपालिकामा हालसम्म कति व्यवसायहरू दर्ता भई वार्षिक कर तिरिरहेका छन् भन्ने यकिन तथ्याङ्क नभएता पनि गत आ.व.०७९/८० को असार मसान्त सम्म व्यवसाय कर तिर्ने करदाताको सङ्ख्या करिब १५० रहेको देखिन्छ ।

गाउँपालिकाले व्यवसाय कर शीर्षकमा आ.व. २०७९/८० मा रु. २ लाख उठाउने लक्ष्य लिएकोमा रु. ५ हजार २८० मात्र सङ्कलन गरेको छ । चालू आ. व. रु. १ लाख मात्र उठाउने लक्ष्य लिएको देखिन्छ ।

**संभाव्यता**

गाउँपालिकामा सञ्चालित व्यवसायहरूको एकीन तथ्याङ्क नभएता पनि सबै वडाहरूमा विभिन्न प्रकारका साना ठूला गरी करिब १५० को सङ्ख्यामा व्यवसायहरू सञ्चालनमा रहेका छन् । सबै व्यवसायहरू गाउँपालिकामा दर्ता भई करको दायरमा आएका छैनन् ती व्यवसायहरूलाई करको दायरामा समावेश गर्न सके करको दायरामा आउने साना ठूला व्यवसायबाट देहायअनुसारको व्यवसाय कर सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**तालिका ८: व्यवसाय करको प्रक्षेपण**

| क्र.सं. | करदाता (व्यापार व्यवसायको स्तर अनुसार) | संख्या | औसत करको दर | संभावित आय |
|---|---|---|---|---|
| १ | ठूला व्यवसायीहरू (५००० वा सो भन्दा बढी कर तिर्ने करदाता) | ५ | ५००० | २५००० |
| २ | मध्यम व्यवसायीहरू (२,००० भन्दा अधिक ५,००० सम्म कर तिर्ने करदाता) | ३० | २५०० | ७५००० |
| ३ | साना व्यवसायीहरू (२,००० र सो भन्दा कम कर तिर्ने करदाता) | ११५ | ५०० | ५७५०० |
| ४ | पटके कर | ४० | ५०० | २०००० |
| **जम्मा** | | | | **१७७५००** |

**सुधारका पक्षहरू**

गाउँपालिकाको व्यवसाय कर सङ्कलनमा सुधार ल्याउनका लागि निम्न कार्यहरू गर्न आवश्यक देखिन्छ:

- गाउँपालिकामा सञ्चालित सबै किसिमको व्यवसायको विवरण लगत तयार गर्ने (कर कार्यालयसँग समन्वय गरी व्यवसाय गर्ने करदाता सङ्ख्या यकिन गर्ने) ।
- घुम्ती टोलीहरू खटाई स्थलगत रूपमै व्यवसाय दर्ता गरी प्रमाणपत्र दिने र कर सङ्कलन गर्ने व्यवस्था गर्ने ।
- एकै प्रकारको व्यवसायलाई व्यवसायमा भएको लगानी तथा कारोबारको आधारमा वर्गीकरण गरी करको दरमा परिमार्जन गर्ने ।
- व्यवसाय दर्ता, नवीकरण र खारेजीसम्बन्धी स्पष्ट कार्यविधि तयार गरी कार्यान्वयनमा ल्याउने ।
- व्यवसाय करलाई दर्ता र नवीकरणमा लिने गरी कानुनी व्यवस्था परिमार्जन गर्ने ।
- बजार अनुगमन गर्ने, यसका लागि राजस्व परामर्श समितिलाई बढी सक्रिय बनाउने ।
- कर अभियान सञ्चालन गरी कर सचेतना अभिवृद्धि गर्ने साथसाथै यस सम्बन्धमा नागरिकका गुनासो सुनुवाइ गरी जायज गुनासो सम्बोधनको व्यवस्था गर्ने ।
- कर प्रशासनमा दण्ड र पुरस्कारलाई नियमित प्रक्रियाका रूपमा स्थापित गर्ने । जस्तै– नियमित र अधिकतम कर तिर्ने करदातालाई सम्मान एवं पुरस्कृत गर्ने । करको दायरामा नआउनेलाई उच्च दरमा जरिबानाको व्यवस्था गर्ने ।
- कृषि क्षेत्रको व्यवसाय करका दर घटाउने र अन्य क्षेत्रहरूमा आम्दानीको आधारमा व्यवसाय कर लगाउने र छुटेका क्षेत्रहरूलाई करको दायरामा ल्याउने ।

शत प्रतिशत करदाताबाट आगामी आ.व. मा नै व्यवसाय कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ.व.का लागि कुल सम्भाव्य व्यवसाय करको करिब ३० प्रतिशत हाराहारीमा मात्रै व्यवसाय कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ । आर्थिक ऐनमा आर्थिक वर्षको

व्यवसाय कर सोही आर्थिक वर्ष पौष मसान्त सम्ममा बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरी असुल गरिने पनि प्रावधान राखी विलम्ब गरी बुझाउन आएमा लाग्ने करमा २५ प्रतिशत थप गरी असुल गरिने पनि प्रावधान राखिएमा व्यवसाय कर अपेक्षित रूपमा उठ्ने देखिन्छ ।

## ङ. जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर

### हालको अवस्था

यस शीर्षकमा गाउँपालिकाले कर सङ्कलन गरेको छैन । गाउँपालिकाको आर्थिक ऐनमा गाउँपालिका क्षेत्रमा कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडीबुटी, बनकस, मरेका जन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यावसायिक कारोबार गरे बापत कर लगाइने र असुल उपर गरिने उल्लेख गरेको छ ।

गाउँपालिका क्षेत्रबाट तरकारी, फलफूल, खाद्यान्न, दूध, पशु जन्य उत्पादन, जडीबुटी तथा कवाडी सङ्कलन गरी बेच विखन गर्ने केही व्यवसायीहरू रहेका भएपनि जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर सङ्कलन तथा बिक्रीका सन्दर्भमा तथ्याङ्क तथा सूचनाको अभाव देखिन्छ । यस शीर्षक गाउँपालिकाले आर्थिक ऐनमा यो कर सङ्कलनको प्रावधान र दरहरू उल्लेख गरेको छ । यस किसिमका कर बापत निकासीका आधारमा कर लगाइने व्यवस्था रहेको छ । यस गाउँपालिकाका क्षेत्रमा सामुदायिक वन क्षेत्र रहेकाले जडीबुटीहरू रहेको भए तापनि व्यावसायिक रूपमा सङ्कलन र बिक्री वितरण हुने गरेको छैन र रकम पनि सङ्कलन गरेको छैन ।

### संभाव्यताः

यस गाउँपालिकाका सडकहरू सहायक राजमार्गमा जोडिएको हुनाले कवाडी माल वस्तुको सङ्कलन र निर्यात हुन सक्ने सम्भावना प्रशस्त देखिन्छ । त्यसैगरी जडीबुटी (खोटो, पाँचऔंले, विभिन्न जडीबुटीको तेल आदि) को सङ्कलन तथा बिक्री सम्बन्धमा कुनै तथ्याङ्क नभए पनि आसपासको सामुदायिक वन लगायतका वडा क्षेत्रमा यसको उत्पादन र बिक्रीको सम्भाव्यता देखिन्छ । त्यसैगरी जीवजन्तुको हाड, छाला, प्वाँख आदिको अभिलेख विना कारोबार भइरहेको छ । गाउँपालिका क्षेत्रबाट तरकारी, फलफूल, खाद्यान्न, दूध, पशु जन्य उत्पादन, जडीबुटी तथा कवाडी सङ्कलन गरी बेच विखन गर्ने प्रशस्त व्यवसायीहरू रहेका भएपनि जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर सङ्कलन तथा बिक्रीका सन्दर्भमा तथ्याङ्क तथा सूचनालाई व्यवस्थित गरी अनुगमन सम्यन्त्र कडा बनाउनु पर्ने देखिन्छ । यस सम्बन्धी कारोबारलाई थप व्यवस्थित र कडाइका साथ राजस्व असुली गर्न सके गाउँपालिकामा यस शीर्षकबाट करिब रु. २००००० आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू**

- यससँग सम्बन्धित व्यवसायीहरूको दर्ता र अभिलेखीकरण गर्ने ।
- कवाडी वस्तुको व्यावसायिक कारोबारलाई इजाजत प्रदान गरी बहु वर्षीय ठेक्का मार्फत कर सङ्कलन गर्ने ।
- निकासी हुने वस्तुको उपलब्धता पत्ता लगाई कारोबारमा कर सङ्कलन सुरुवात गर्ने ।

शत प्रतिशत करदाताबाट आगामी आ. व. मा नै जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर को करिब ३० प्रतिशत हाराहारीमा मात्रै जडिबुटी, कवाडी र जीवजन्तु कर तथा निकासी कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १५ प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### च. विज्ञापन कर

**<u>हालको अवस्था</u>**

विद्यमान कानुनी व्यवस्था अनुसार गाउँपालिकाले आफ्नो क्षेत्रका सडक, चोक, सार्वजनिक स्थलमा विज्ञापन, प्रचार–प्रसार आदिका लागि राख्न दिने साइन बोर्ड, ग्लो बोर्ड स्टल आदिमा विज्ञापन कर लगाउन सक्नेछ । सङ्घीय कानुन अनुसार यो प्रदेश सरकारसँग बाँडफाँट हुने कर हो । यस गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा गाउँपालिकाले आर्थिक ऐन बमोजिम विज्ञापन कर लगाई असुल उपर गरिने र यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत गाउँपालिका संचित कोषमा राजस्व बाँडफाँट गर्नुपर्ने उल्लेख गरिएको छ । गाउँपालिकाले सङ्कलित रकममध्ये ४० प्रतिशत प्रदेश सरकारलाई दिनु पर्दछ ।

विज्ञापन करका सन्दर्भमा गाउँपालिकाले विभिन्न विज्ञापनका सामग्री अनुसार करको दरहरू निर्धारण गरेको छ । गाउँपालिकाले स्थानीय तहको आर्थिक ऐन २०८० मा विज्ञापन करका दररेट निर्धारण भए बमोजिम नेपाल सरकारबाट निषेध गरिएको विषयमा विज्ञापन राख्न नलिने तथा राजनैतिक, धार्मिक र सामाजिक उद्देश्यको ब्यानर ७ दिनसम्म निःशुल्क राख्न दिइने प्रावधान राखिएको छ । जनचेतनामूलक विज्ञापनमा कर लाग्ने छैन भने विज्ञापन राख्नको लागि गाउँपालिकाबाट पूर्व स्वीकृति लिनुपर्ने र विज्ञापन कर असुल गर्न सकिने व्यवस्था भएता पनि हाल सम्म यस किसिमको कर बापत कुनै रकम प्राप्त भएको देखिँदैन ।

आ.व. २०७९/८० मा यस शीर्षकबाट के कति कर सङ्कलन भयो वास्तविक आँकडा उपलब्ध हुन सकेन भने चालू आ.व.को लागि पनि कुनै अनुमान गरिएको छैन ।

**<u>संभाव्यता</u>**

यस गाउँपालिका अन्तर्गत मुख्य सडक तथा बजार क्षेत्र, सहायक राजमार्गका सडक र पर्यटकीय क्षेत्र आसपास साना ठूला होर्डिङ बोर्डहरू राखे बापत करिब रु. २०००० राजस्व असुली हुने देखिन्छ ।

**<u>सुधारका पक्षहरू</u>**

- गाउँपालिका क्षेत्रमा रहेका विद्यमान विज्ञापन सामग्री सम्बन्धी लगत सङ्कलन गर्ने ।
- विज्ञापन कर व्यवस्थापन कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउने ।
- कार्यविधि तर्जुमा गर्दा विज्ञापन सामग्रीको आकारका अतिरिक्त विज्ञापनका विषयवस्तुलाई पनि वर्गीकृत गर्ने ।
- विज्ञापन करको अनुगमनलाई प्रभावकारी बनाई सबै विज्ञापन करको दायरामा आउने विषय सुनिश्चित गर्ने ।

- सार्वजनिक जग्गा बाहेक निजी घर र जग्गामा राखिएका विज्ञापन सामग्रीमा समेत कर लगाउने गरी कानुनी व्यवस्था गर्ने ।
- न्यूनतम सङ्कलन हुन सक्ने रकम यकिन गरी बहुवर्षिय ठेक्का मार्फत अंक निर्धारण गर्ने ।

शत प्रतिशत करदाताबाट आगामी आ. व. मा नै विज्ञापन कर सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य विज्ञापन करको करिब २० प्रतिशत हाराहारीमा मात्रै विज्ञापन कर सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### ३.३.२ गैह्र कर राजस्व

गाउँपालिकाले पालिकावासी तथा सेवाग्राहीहरूलाई विभिन्न सेवा प्रदान गरे बापत तोकिएको दरमा सेवा शुल्क सङ्कलन गर्ने सक्ने प्रावधान अनुरूप गाउँ सभाले विभिन्न सेवाहरूको शुल्कको दर निर्धारण गरी सेवा शुल्कहरू सङ्कलन गरिरहेको छ । यसै सन्दर्भमा अगामी आ. व. हरूमा गाउँपालिकालाई प्राप्त हुने राजस्व अनुमान गरिएको छ ।

### छ. बिक्रीबाट प्राप्त रकम (ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री)

**हालको अवस्था**

केही नेपाल ऐन संशोधन गर्ने ऐन, २०७५ ले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ क थप गरी गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एवम् माटो जन्य वस्तु बिक्री गर्न सक्ने प्रावधान राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको यस संशोधनसँगै सङ्घीय कानुनमा स्रोत बाँडफाँटको अर्को स्पष्ट कानुनी व्यवस्था नभएसम्म यस शीर्षकको राजस्व गाउँपालिकाको एकल अधिकार क्षेत्रभित्र पर्ने देखिन्छ । साबिकमा प्रारम्भिक वातावरणीय परीक्षणको मात्र व्यवस्था भएकोमा यस संशोधनसँगै वातावरणीय प्रभाव मूल्याङ्कनको समेत व्यवस्था भएको छ र आवश्यकता अनुसार यी दुई अध्ययनको सिफारिसका आधारमा स्थानीय सरकारले ढुङ्गा, गिट्टी, बालुवा, माटो वा स्लेट बिक्री गर्न सक्ने कानुनी व्यवस्था रहेको छ । यसमा गाउँपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा, माटो जन्य वस्तु र सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जरा जुरी, दहत्तर बहत्तर आदिको विक्री गर्न सक्ने र त्यसरी विक्री गरिएको रकम गाउँपालिकाको संचित कोषमा दाखिला गर्ने व्यवस्था गरिएको छ ।वन ऐन, २०७६ ले वन पैदावारको परिभाषा गर्दै वनमा रहेका वा पाइएका वा वनबाट ल्याइएका काष्ठ पैदावार, गैरकाष्ठ वन पैदावार वा चट्टान, माटो, नदीजन्य र खनिज पदार्थलाई सम्झनु पर्छ भनी व्यवस्था गरेकोले र नेपाल सरकारले गत श्रावणमा जारी गरेको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन व्यवस्थापन तथा विक्री सम्बन्धी मापदण्ड, २०७७ ले सार्वजनिक खोलानाला र खानी क्षेत्रको सम्बन्धित निकायबाट अनुमति प्राप्त गरेपछि आफ्नै निर्णयले र वन तथा चुरे क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, सङ्कलन र विक्री गर्दा सम्बन्धित निकायको सहमतिमा वातावरणीय अध्ययन प्रतिवेदनमा उल्लिखित विधि अनुसार गर्नुपर्ने उल्लेख गरिएको छ । यसरी उत्खनन र विक्री वितरणबाट प्राप्त आयको ४० प्रतिशत सम्बन्धित प्रदेश सञ्चित कोषमा दाखिला गर्नुपर्ने प्रावधान रहेको छ ।

यसैगरी, नेपाल वातावरण संरक्षण नियमावली, २०७७ अनुसार खानीको हकमा दैनिक ५०० घन मिटरसम्म र खोलाको हकमा जतिसुकै भए पनि ढुङ्गा, गिट्टी, बालुवा, माटो आदि उत्खनन गर्न प्रारम्भिक वातावरणीय परीक्षण मात्र गर्नु पर्ने र यस सम्बन्धी अध्ययन तथा स्वीकृति कार्यको टुङ्गो स्थानीय तहले नै लगाउन सक्ने गरी व्यवस्था गरिएकोले सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वीकृति गर्दा कुन विषयलाई प्राथमिकता दिई विश्लेषण गर्ने भनी अभिमुखीकरण पनि गरेको छ ।

चालू आ.व.को लागि वातावरणीय अध्ययन गरी ठेक्का आह्वान गरिएको तर क्षमता अनुरूपको सम्झौता हुन नसकेको देखिन्छ । चोरी निकासी भइरहेको छ । गाउँपालिका क्षेत्रमा रहेका विशेष गरी चेपे नदीका ६ वटा क्षेत्रको प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा नदी जन्य पदार्थ सङ्कलन र विक्री कार्यका लागि ठेक्का बन्दोवस्ती गरी यस किसिमको राजस्व सङ्कलन हुने देखिन्छ । आ. व. २०७९/८० मा बाँडफाँट भई आउने दहत्तर बहत्तर शुल्कको छुट्टै आँकडा नभएको तर अन्य राजस्व शीर्षकमा रु. २१ लाख अनुमान गरिएकोमा सो बापत रु. २१ लाख सङ्कलन भएको छ जुन चालू आ. व. को अनुमान गरिएको छैन चालू आ. व. को पौष मसान्त सम्ममा यस शीर्षकमा शुल्क सङ्कलन भइसकेको देखिँदैन । यसरी कूल अनुमानित रकमको शून्य प्रतिशत ६ महिनामा सङ्कलन हुनको मुख्य कारण समयमा ठेक्का लाग्न नसकेको देखिन्छ ।

**<u>संभाव्यता</u>**

उल्लिखित हालको अवस्थाका आधारमा विश्लेषण गर्दा यस गाउँपालिका क्षेत्रमा चेपे नदी क्षेत्रका ६ स्थान बाहेक अन्य स्थानीय खोला तथा निजी जग्गाबाट प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदनका आधारमा ढुङ्गा, गिट्टी, बालुवा, ग्राभेल जस्ता वस्तुको उत्खनन र त्यस्ता वस्तुको बिक्री सम्भावना उल्लेख्य मात्रामा रहेको देखिन्छ । यो गाउँपालिकामा नदी जन्य पदार्थ सङ्कलनका लागि एकदमै उपयुक्त क्षेत्र रहेका कारण यस सम्बन्धी आवश्यक वातावरणीय अध्ययन गरी दिगो उत्खनन तथा सङ्कलन गरी गाउँपालिकाको आय स्रोत बढाउन यस क्षेत्रले उल्लेख्य भूमिका खेल्ने र हाल बढ्दै गएको अवैध चोरी निकासी पनि नियन्त्रण हुने देखिन्छ । नदी जन्य पदार्थ बिक्री तथा निकासीबाट प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनका आधारमा करिब ३० लाख बराबर राजस्व सङ्कलन हुन सक्ने अनुमान गरिएको छ ।

**<u>सुधारका पक्षहरू</u>**

- वातावरणीय अध्ययन प्रतिवेदनले सिफारिस गरेका मापदण्डभित्र रहेर उत्खनन गर्ने कार्य गराउन आवश्यक कार्यविधि तर्जुमा गर्ने ।
- सङ्कलन कार्यको नियमित रूपमा अनुगमन गरी अध्ययन प्रतिवेदनले सिफारिस गरेको मापदण्डभित्र मात्र रहेर उत्खनन हुने कार्य सुनिश्चित गर्ने ।
- ठेक्का नलागेको अवस्था गाउँपालिका स्वयंले अमानतबाट सङ्कलन गर्न सक्ने व्यवस्थाका बारेमा आवश्यक प्रावधान सहित निर्णय गर्ने ।
- गाउँपालिकाले आर्थिक ऐनमा नियम विपरीत गर्ने ठेकेदारलाई कारबाही गर्ने र ठूलो परिमाणमा दण्ड जरिबाना गर्न सकिने प्रावधान समावेश गर्ने ।

बिक्रीबाट प्राप्त रकम आगामी आ.व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ.व.का लागि कुल सम्भाव्य ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री रकमको करिब ३० प्रतिशत हाराहारीमा मात्रै

ढुङ्गा, गिट्टी, बालुवा तथा माटो जन्य वस्तु बिक्री रकम सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १५ प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### ज. बहाल बिटौरी शुल्क

**हालको अवस्था**

गाउँपालिकाले आफूले रेखदेख वा सञ्चालन गरेको हाटबजार र सरकारी जग्गामा बनेका संरचनाको उपयोग गरे बापत बहाल बिटौरी शुल्क लगाउन पाउने कानुनी व्यवस्था छ । गाउँपालिकाले बहाल बिटौरी शुल्क सम्बन्धमा आर्थिक ऐनमा विस्तृत उल्लेख गरेको देखिन्छ यद्यपि गाउँपालिकाले सार्वजनिक ऐलानी जग्गामा निर्मित संरचना, हाटबजार लगायतका क्षेत्रबाट बहाल बिटौरी शुल्क सङ्कलन गरेको छैन । साथै गाउँपालिकाको क्षेत्राधिकारभित्र रहेका ऐलानी तथा पर्ती जग्गाहरूमा केही घर तथा पसलहरू रहेका हुनाले तिनलाई पनि शुल्कको दायरामा ल्याउन पहल गर्नुपर्ने देखिन्छ ।

**सम्भाव्यता**

बहाल बिटौरी शुल्क सङ्कलन सम्बन्धी हालको अवस्था र शुल्क सङ्कलनमा गाउँपालिकाको प्रयास हेर्दा आगामी दिनमा यो शीर्षक बापत बढ्दो दरमा आय सङ्कलन हुने सम्भावना देखिन्छ । बहाल बिटौरी शुल्कका लागि यस गाउँपालिकाको राजमार्ग तथा सहायक राजमार्ग आसपास रहेका सडक अधिकार क्षेत्रमा निर्माण गरिएका होटेल, रेष्टुरेन्टहरूसँग बहाल बिटौरी असुल गर्न सकिन्छ । हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क सङ्कलन गरी बिटौरी शुल्क निर्धारण गर्नु पर्ने देखिन्छ । गाउँपालिका क्षेत्रमा यस किसिमको शुल्क लगाउन सकिने क्षेत्रहरू उल्लेख्य रहेकाले प्रभावकारी रूपमा शुल्कको दर रेट परिमार्जन सहित करको दायरा वृद्धि गर्न सकिने देखिन्छ । गाउँपालिकालाई यस किसिमका पसलहरूका भाडा, तरकारी बजार, हाटबजार, जग्गा तथा संरचनाबाट वार्षिक **करिब रु. १० हजारसम्म** आम्दानी हुन सक्ने अनुमान गरिएको छ ।

**सुधारका पक्षहरू**

गाउँपालिकाको बहाल बिटौरी शुल्कमा सुधार ल्याउनको लागि निम्नलिखित कार्यहरू गर्न आवश्यक देखिन्छ:

- बहाल बिटौरी शुल्कको दायराभित्र हाटबजार, सार्वजनिक जग्गाको उपयोग र सरकारी जग्गामा बनेका संरचनाको उपयोग बापत लाग्ने सबै किसिमका शुल्कलाई समावेश गर्ने ।
- बहाल बिटौरी दर तथा दायरामा वृद्धि गर्ने ।
- गाउँ क्षेत्रभित्रका सबै ऐलानी वा पर्ती जग्गामा बनेका संरचनाहरूको अभिलेख राखी बहाल बिटौरी शुल्क सङ्कलनको व्यवस्था गर्ने ।
- गाउँ कार्यपालिका आफैले निर्माण गरेको, रेखदेख गरेको वा सञ्चालन गरेको पसल कबल तथा स्टलहरूको नियमित अनुगमन तथा भाडा दर समयानुकूल परिमार्जन गर्दै जाने ।
- हाट बजारमा हुने पसल तथा व्यापार सम्बन्धी आवश्यक तथ्याङ्क तथा विवरण सङ्कलन गरी पसलहरूको वर्गीकरण र हाट बजार बिटौरी शुल्कको दर निर्धारण गर्ने र सोही आधारमा ठेक्का अङ्क कायम गर्ने ।

बहाल बिटौरी शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य बहाल बिटौरी शुल्क रकमको करिब २० प्रतिशत हाराहारीमा मात्रै बहाल

बिटौरी शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### झ. नक्सापास दस्तुर

**हालको अवस्था**

गाउँ कार्यपालिकाले नक्सा पासलाई अनिवार्य गरी आर्थिक ऐनमा नक्सापास दस्तुरको विभिन्न दर रेटहरू तोकिएको छैन ।

**सम्भाव्यता**

नक्सापास गाउँपालिकाको नियमित र एक उल्लेख्य आम्दानीको स्रोत हुन सक्छ । आगामी आ.व.मा हुन सक्ने नयाँ घरहरूको नक्सापास र पुराना घरहरूको दर्ता (अभिलेखीकरण) को अनुमानित सङ्ख्या र प्राप्त तथ्याङ्क तथा विगतको आय प्रवृत्तिका आधारमा नक्सापास दस्तुर बापत प्राप्त हुने आय करिब रु. ५०००० हुनेछ ।

**सुधारका पक्षहरू**

- सचेतनामूलक तथा प्रचारात्मक अभियानहरू सञ्चालन गरी नक्सापास हुन बाँकी सबै घरलाई नक्सापासको दायरामा ल्याउने ।
- आवासीय, व्यावसायिक तथा औद्योगिक प्रयोजनका घरहरूलाई नक्सापास दस्तुरको दरमा विविधता कायम गरी सकेसम्म सानो संरचना निर्माण गर्ने सीमान्त करदातालाई सहुलियत प्रदान गर्ने ।
- नक्सा पास र घर बहाल कर तथा व्यवसाय करलाई सूचना प्रविधिको उपयोग गरी एक आपसमा आबद्ध गर्ने तथा कर प्रशासन र नक्सापास प्रक्रियालाई सरलीकरण गर्ने ।
- नक्सा पासको लागि मापदण्ड तथा कार्यविधिहरू अनुसार भवन निर्माण भए नभएको निरन्तर अनुगमन गर्ने ।

नक्सापास शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ.व.का लागि कुल सम्भाव्य नक्सापास शुल्क रकमको करिब ७० प्रतिशत हाराहारीमा मात्रै नक्सापास शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

आर्थिक ऐनमा गाउँपालिका स्थापना भई नक्सा पासको व्यवस्था हुनु भन्दा पहिले बनेका पुराना घरहरूको घर नक्सा अभिलेखीकरणमा नक्सा पास सम्बन्धी महलमा उल्लेख भए अनुसारकै शुल्क लाग्ने र गाउँपालिकामा नक्सा पासको व्यवस्था भएपछि नक्सा पास नगरी बनेका घरको घर नक्सा अभिलेखीकरण गर्दा उल्लिखित शुल्कको अतिरिक्त थप २५ प्रतिशत जरिबाना लाग्ने तथा गाउँपालिका स्थापना भई नक्सा पासको व्यवस्था भइसकेपछि नक्सा पास नगरी बनेका घरको घर नक्सा अभिलेखीकरण गर्दा नयाँ नक्सा पास गरे सरह लाग्ने प्रावधान राख्न सकिन्छ ।

### ञ. व्यवसाय रजिस्ट्रेसन दस्तुर (दर्ता तथा अनुमति दस्तुर)

**हालको अवस्था**

स्थानीय सरकारले एफ्.एम्. रेडियो सञ्चालन, घ वर्गको निर्माण इजाजत पत्र, विद्यालय स्थापना, स्थानीय स्तरका व्यापारिक फर्म, सहकारी, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम, ट्युसन, कोचिङ, औषधि पसल, प्लटिङ्ग, ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, स्लेटजस्ता वस्तुको सर्वेक्षण र सो बापत दस्तुर सङ्कलन गर्न सक्छन् । गाउँपालिकाले "घ" वर्गका निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि तयार गरी सोही अनुरूप इजाजत पत्र दिने र सो बापत दस्तुर सङ्कलन गरिरहेको भए तापनि सोको तथ्याङ्क अद्यावधिक गरेको छैन ।

**<u>संभाव्यता</u>**

गाउँपालिका क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय स्तरका व्यापारिक फर्म, घ वर्गको निर्माण इजाजत पत्र, सहकारी, विद्यालय आदि अनुमति प्रमाणपत्र दिई नियमित गर्नुपर्ने तथा नयाँ सञ्चालनमा आउन चाहनेलाई इजाजत दिन सकिन्छ । करिब वार्षिक रूपमा २५ जति व्यापारिक फर्म व्यवसाय रजिस्ट्रेसन दस्तुरका लागि गाउँपालिकामा सम्पर्कमा आउने सक्ने र सो बापत रु. २५००० आय हुने सम्भावना देखिन्छ ।

**<u>सुधारका पक्षहरू</u>**

- दर्ता तथा अनुमतिका लागि छुट्टै कार्यविधि तर्जुमा गर्ने ।
- नयाँ व्यवसाय वा कारोबार सञ्चालन गर्नु पूर्व दर्ता तथा अनुमति प्रमाणपत्र अनिवार्य गर्ने ।
- अनुमति नलिई सञ्चालनमा रहेका व्यवसायलाई नियमित गर्न दण्ड जरिबानाको व्यवस्था गर्ने ।

व्यवसाय रजिस्ट्रेसन शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य व्यवसाय रजिस्ट्रेसन शुल्क रकमको करिब ६० प्रतिशत हाराहारीमा मात्रै व्यवसाय रजिस्ट्रेसन शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### ट. सिफारिस तथा प्रमाणित दस्तुर र दण्ड जरिबाना

**<u>हालको अवस्था</u>**

गाउँपालिकाले विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर आर्थिक ऐन मार्फत निर्धारण गरी कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सङ्कलन गर्दै आएको छ । गाउँपालिकाले आर्थिक ऐनमा विभिन्न किसिमका सिफारिस तथा प्रमाणित दस्तुरको दर रेट निर्धारण गरेको छ । वडाबाट सङ्कलित सिफारिस तथा प्रमाणित दस्तुरबाट सङ्कलित रकम वडा सचिवहरूले गाउँपालिकाको राजस्व प्रशासन शाखामा दाखिला गर्ने गरेका छन् । गाउँ कार्यपालिकाले यसै आ. व. देखि सबै वडाहरूमा अनलाइन माध्यमबाट कर सङ्कलन कार्य शुरू गरेको छ । आ. व. २०७९/८० मा सिफारिस तथा प्रमाणित दस्तुरको एकमुस्ट रूपमा रु. ११ लाख अनुमान गरिएकोमा सो बापत रु. ११ लाख ५५ हजार १२४ सङ्कलन भएको छ जुन चालू आ. व. को अनुमान रु. १५ लाख रहेको छ ।

**<u>सम्भाव्यता</u>**

गाउँपालिकाले प्रदान गर्ने संघसंस्थाहरू सिफारिस, इजाजत सिफारिस, नाता प्रमाणित, ठेगाना प्रमाणित, घरजग्गा नामसारी, घरजग्गाको चार किल्ला सिफारिस, वैदेशिक कामकाजको लागि सिफारिस (कन्सुलर सेवा लिन) लगायतका विभिन्न सिफारिसहरू गरे बापत लिइने दस्तुर यस शीर्षक अन्तर्गत पर्दछ, जुन गाउँपालिकाको प्रमुख

आन्तरिक आय मध्ये एक हो । आ. व. २०७८/७९ मा गाउँपालिकाको कुल आन्तरिक आयको करिब १५ प्रतिशत भन्दा बढी राजस्व यस शीर्षक अन्तर्गत सङ्कलन भएको छ । आगामी आ. व. मा हुन सक्ने सिफारिस तथा प्रमाणित दस्तुरको अनुमानित सङ्ख्या र प्राप्त तथ्याङ्क तथा विगतको आय प्रवृत्तिका आधारमा सिफारिस तथा प्रमाणित दस्तुर र दण्ड जरिबाना बापत करिब देहायअनुसारको राजस्व प्राप्त हुने अनुमान गरिएको छ।

**तालिका ९: सिफारिस तथा प्रमाणित दस्तुरको प्रक्षेपण**

| दस्तुर | औसत दैनिक | औसत वार्षिक निवेदन (वार्षिक १८० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| विभिन्न सिफारिस दस्तुर | १० | १८०० | ५०० | ९०००00 |
| **जम्मा** | १० | | | ९०००00 |

**तालिका १०: दण्ड जरिबानाको प्रक्षेपण**

| दस्तुर | औसत दैनिक | औसत वार्षिक निवेदन (वार्षिक १८० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| दण्ड जरिबाना | ५ | ९०० | २५० | २२५००० |
| **जम्मा** | ५ | | | २२५००० |

**तालिका ११: व्यक्तिगत घटना दस्तुरको प्रक्षेपण**

| दस्तुर | औसत दैनिक | औसत वार्षिक निवेदन (वार्षिक १८० दिन) | औसत दर | सम्भाव्य राजस्व |
|---|---|---|---|---|
| व्यक्तिगत घटना | १० | १८०० | १०० | १८०००० |
| **जम्मा** | १० | | | १८०००० |

**सुधारका पक्षहरू**

- सिफारिस वा प्रमाणित गर्नु पूर्व दस्तुर तिरे नतिरेको एकीन गर्ने
- दस्तुर नबुझाए सम्म सम्बन्धित अधिकारीले सिफारिस वा प्रमाणित नगर्ने
- वडाबाट सङ्कलित दस्तुरहरू शीर्षक सहितको विवरण तयार गर्ने
- सबै वडा कार्यालयहरूमा कम्प्युटर सफ्टवेयरमा आधारित अनलाइन बिलिङ प्रणालीलाई अनिवार्य बनाउने ।
- प्रविधि मैत्री कर भुक्तानी सेवाको व्यवस्था गर्ने
- वैदेशिक बैंकिग तथा अन्य प्रयोजनका लागि घर तथा जग्गाको मूल्याङ्कन गर्दा मालपोत, भूमिकर र सम्पत्तिकर प्रयोजनको लागि भएको करको आधारमा मात्र सिफारिस गर्ने ।

सिफारिस तथा प्रमाणित दस्तुर र दण्ड जरिबानाबाट प्राप्त रकम आगामी आ.व. मा नै ९५ प्रतिशत सङ्कलन हुने अवस्था रहेको देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः १० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### ठ. पर्यटन शुल्क

**हालको अवस्था**

यस गाउँपालिका क्षेत्रमा रमणीय पर्यटकीय तथा धार्मिक दृष्टिकोणले महत्त्वपूर्ण स्थानहरू रहेका छन् । गाउँपालिकाले पर्यटकीय क्षेत्रको विकासका लागि बजेट विनियोजन गरेको छ तर पर्यटकीय क्षेत्रमा प्रवेश शुल्क दर निर्धारण गरेको छैन (तर प्रदेश कानुन बमोजिम शुल्क उठाउन सकिने) ।

**<u>सम्भाव्यता</u>**

दूधपोखरी गाउँपालिका संस्कृति, कला, भाषा तथा साहित्यका दृष्टिकोणले धनी गाउँको रूपमा रहेको छ । गाउँपालिका क्षेत्रभित्र विभिन्न किसिमका जात जाति, धर्म र भाषा भाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । सांस्कृतिक महत्त्वका सम्पदाहरू ऐतिहासिक, पर्यटकीय क्षेत्र लगायतका अन्य धार्मिक स्थलहरू समेत रहेका छन् र यी क्षेत्रहरूको प्रचार प्रसार तथा विकास गरी पर्यटन सेवा शुल्क लगाउन सकिन्छ । साथै गाउँपालिका क्षेत्रभित्र दूधपोखरी, इलमपोखरी, कुनाघाट, पात्लेदेवी लगायत विभिन्न स्थानमा होमस्टे, पार्क, भ्यूटावर, बाल उद्यान, पिकनिक स्पष्ट, महोत्सव तथा अन्य मनोरंजन स्थलहरूका लगत तयार गरी आवश्यक नीतिगत निर्णय गरी आय आयआर्जन गर्न सक्ने सम्भावना रहेको छ । पर्यटन शुल्क सङ्कलनबाट गाउँपालिकालाई वार्षिक **रु. ५० हजार** हाराहारीमा आम्दानी हुने अनुमान गर्न सकिन्छ ।

**<u>सुधारका पक्षहरू</u>**

पर्यटन शुल्क सङ्कलन प्रभावकारी बनाउन देहाय अनुसार कार्यहरू गर्नुपर्ने देखिन्छ :

- सम्भावित पर्यटकीय क्षेत्रहरूको गुरु योजना तयार गर्ने ।
- आर्थिक ऐनमा पर्यटन शुल्कको सङ्कलन सम्बन्धी व्यवस्था गर्दै शुल्कको दरलाई यथार्थपरक बनाउने।
- पर्यटकीय सम्भावना भएका प्रमुख पर्यटकीय स्थलहरूको संभाव्यता हेरी पूर्वाधारको विकास गर्ने ।
- रमणीय पर्यटकीय तथा धार्मिक स्थल बारे प्रचार प्रसार गरी प्रवर्धन गर्ने ।
- सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार पर्यटन शुल्क सङ्कलनको व्यवस्था गर्ने ।

पर्यटन शुल्कबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य पर्यटन शुल्क रकमको करिब ५० प्रतिशत हाराहारीमा मात्रै पर्यटन शुल्क सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### ड. सामुदायिक वनबाट प्राप्त आय

**<u>हालको अवस्था</u>**

स्थानीय सरकार सञ्चालन ऐनको दफा ६२(ख) मा सामुदायिक वन उपभोक्ता समितिले वन पैदावार बिक्री तथा उपयोग सम्बन्धी आफ्नो वार्षिक कार्य योजना गाउँपालिकाबाट स्वीकृत गर्नु पर्ने र त्यसबाट भएको आम्दानीको १० प्रतिशत सम्बन्धित गाउँपालिकाको संचित कोषमा जम्मा गर्नु पर्ने व्यवस्था गरेको छ।

यसैगरी वन ऐन, २०७६ को दफा १८(५) मा सामुदायिक वन उपभोक्ता समूहले समूहको चाहना र आवश्यकताको आधारमा वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन उपभोक्ता समूहले सम्बन्धित स्थानीय तहको परामर्शमा सामुदायिक वनको कार्य योजना बनाउन वा आवश्यकता अनुसार संशोधन गर्न सक्ने प्रावधान रहेको छ । यसैगरी सोही ऐनको दफा २२ मा सामुदायिक उपभोक्ता समूहले कार्य योजना बमोजिम आर्जन गरेको वार्षिक आयबाट कम्तीमा पच्चीस प्रतिशत रकम वनको विकास, संरक्षण, व्यवस्थापन कार्यमा खर्च गरी बाँकी रहेको रकमको कम्तीमा पचास प्रतिशत रकम सम्बन्धित स्थानीय तहसँग समन्वय गरी गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकास कार्यमा खर्च गर्नु पर्ने छ र बाँकी रहेको रकम उपभोक्ता समूहको हितमा प्रयोग गरिने उल्लेख छ ।

उपर्युक्त स्थानीय सरकार सञ्चालन ऐनको व्यवस्था र वन ऐनको व्यवस्था एक अर्कामा बाझिएको हो कि भन्ने देखिए तापनि सामुदायिक वन समूहसँग सहमति गरी दुबैलाई फाइदा हुने गरी व्यवस्थापन गर्न सकिने देखिन्छ । यस अनुसार सामुदायिक वन समूहले गाउँपालिकाको परामर्शमा स्वीकृत गरेको कार्य योजना बमोजिम भएको आम्दानीको १० प्रतिशत स्थानीय सरकार सञ्चालन ऐनको प्रावधान बमोजिम स्थानीय सरकारको खातामा दाखिला गर्ने र बाँकी ९० प्रतिशतलाई शत प्रतिशत मानी त्यसको २५ प्रतिशत वनको विकासमा, ५० प्रतिशत गाउँपालिकाको समन्वयमा गरिबी न्यूनीकरण, महिला सशक्तीकरण तथा उद्यम विकासमा खर्च गर्ने र बाँकी रकम समूहको हितमा खर्च गर्ने गर्दा सबै कानुनका प्रावधानलाई कार्यान्वयन गर्न सकिने हुन्छ । यसमा स्थानीय तहले यसरी सामुदायिक वन समूहबाट प्राप्त गरेको रकम सामुदायिक वनको हितमा र वातावरणीय संरक्षणमा मात्र खर्च गर्न पाउने प्रावधान अगाडि सारेर सामुदायिक वन समूहहरूसँग छलफल गरी सहमति गर्नु उपयुक्त हुन्छ । सामुदायिक वनबाट गाउँपालिकालाई रकम प्राप्त हुने प्रावधान स्थानीय सरकार सञ्चालन ऐनमा २०७५/११/१९ मा भएको केही नेपाल ऐन संशोधनबाट भएको हुनाले यस शीर्षकमा विगतका वर्षहरूमा आम्दानी भएको थिएन । साथै चालू आ.व. २०८०।८१ का लागि गाउँ कार्यपालिकाबाट यस शीर्षकमा कुनै राजस्व प्राप्ति हुने अनुमान गरेको छैन ।

**<u>सम्भाव्यता</u>**

यस गाउँ क्षेत्रमा ५२ वटा सामुदायिक वनहरू रहेका छन् । वन ऐन, २०७६ बमोजिम यीनै सामुदायिक वनहरूबाट प्राप्त आम्दानीको तोकिएको प्रतिशत रकम स्थानीय विकासका लागि महत्त्वपूर्ण स्रोत हुने देखिन्छ । यसरी गाउँ क्षेत्र भित्रका विभिन्न सामुदायिक वनको कुल आम्दानीको १० प्रतिशतले गाउँपालिकालाई वार्षिक रूपमा देहायअनुसारको आय हुने देखिन्छ ।

**तालिका १२ः सामुदायिक वनबाट आयको प्रक्षेपण**

| विवरण | सङ्ख्या | औसत वार्षिक आम्दानी | करको दर - कूल आम्दानीको १० प्रतिशत | सङ्कलन हुन सक्ने रकम |
|---|---|---|---|---|
| सामुदायिक वन | ५२ | १००००० | १० | ५२००० |

**<u>सुधारका पक्षहरू</u>**

- सामुदायिक वन उपभोक्ता महासंघ, वन कार्यालय र स्थानीय तहका बीचमा समान धारणा नभएको अवस्था हुनाले नीतिगत तहदेखि नै स्पष्टता हुनु पर्ने ।
- सामुदायिक वन समितिलाई गाउँपालिकाले प्राप्त गर्ने आयबाट गरिने विकासका क्रियाकलाप सम्बन्धमा विश्वस्त बनाई उक्त रकम स्थानीय कोषमा जम्मा गर्न पहल गर्नु पर्ने ।
- गाउँपालिकाको क्षेत्रमा रहेका सबै सामुदायिक वनको अभिलेखीकरण गर्ने कार्यको योजना तर्जुमा गर्न प्राविधिक सहयोग उपलब्ध गराउने ।
- वन संरक्षण र विकास तथा जडीबुटी खेती, कृषि, वन लगायतका जीविकोपार्जन सम्बन्धी क्रियाकलापहरूको व्यवस्थापन गर्न सहयोग तथा सहजीकरण गर्ने ।
- वन संरक्षण तथा उपयोग सम्बन्धी कार्यविधि स्वीकृत गरी लागू गर्नु पर्ने ।

सामुदायिक वनबाट प्राप्त रकम आगामी आ. व. मा नै शत प्रतिशत सङ्कलन हुने अवस्था नरहेकाले आगामी आ. व. का लागि कुल सम्भाव्य सामुदायिक वनबाट प्राप्त रकमको करिब ३० प्रतिशत हाराहारीमा मात्रै सामुदायिक

वनबाट प्राप्त रकम सङ्कलन हुने देखिन्छ भने त्यस पछिका वर्षहरूमा क्रमशः २० प्रतिशतका दरले वृद्धि हुने देखिन्छ ।

### ढ. अन्य विविध आय

गाउँ कार्यपालिकाले विभिन्न किसिमका फारामहरू बिक्रीबाट प्राप्त आयलाई बिक्री अन्तर्गत राखेको छ भने अन्य विविध आयमा प्रशासनिक दण्ड जरिबाना, पेश्की फिर्ता, तथा अन्य विविध आयहरू रहेका छन् । यस शीर्षक अन्तर्गत गाउँपालिकाले करिब **रु. ५ लाख** सम्म सङ्कलन गर्न सक्ने अनुमान गरिएको छ ।

# परिच्छेद चार — आय सङ्कलनको संस्थागत क्षमता तथा सङ्कलन अवस्था

यस परिच्छेदमा गाउँपालिकाको आन्तरिक आय सङ्कलनको संस्थागत क्षमता, सङ्कलनको अवस्था, राजस्व नीति लगायतका विषयमा शीर्षक गत रूपमा विश्लेषण गरिएको छ । त्यसैगरी राजस्व परिचालनमा रहेका सवालहरूको पहिचान, विश्लेषण र समस्या समाधानका उपायहरूको खोजी गरिएको छ ।

दूधपोखरी गाउँपालिकाद्वारा आर्थिक वर्ष २०८०/८१ का नीति, कार्यक्रम र आयोजना कार्यान्वयन गर्न रु. ३८ करोड ५२ लाख १८ हजार विनियोजन गरिएको छ । दूधपोखरी गाउँपालिकाको लागि आ. ब. २०८०।०८१ का लागि सङ्घीय सरकारबाट समानीकरण अनुदान ६ करोड ९७ लाख, राजस्व बाँडफाँटमा रु ६ करोड ४४ लाख ९५ हजार, ससर्त अनुदान रु १५ करोड ५० लाख, विशेष र समपूरक रु ४ करोड १० लाख गरी जम्मा १९ करोड ६०लाख सङ्घीय सरकारबाट प्राप्त भएको छ। त्यस्तै प्रदेश सरकारबाट समानीकरण अनुदान ७५ लाख ७३ हजार राजस्व बाँडफाँट तर्फ ४६ लाख ५० हजार, ससर्त अनुदान तर्फ ५० लाख, समपूरक अनुदान तर्फ रु ५० लाख गरी प्रदेश सरकारबाट जम्मा रु २ करोड २२ लाख २३ हजार, यस आ.ब. २०७९/०८० बाट अनुमानित अ.ल्या. रकम रु ३ करोड ३ लाख र यस गाउँपालिकाको स्थानीय राजस्व परामर्श समितिबाट आ. ब. २०८०/०८१ का लागि प्रक्षेपण गरिएको रु २५ लाख आय अनुमान गरिएको छ। यसमा सामाजिक सुरक्षा भत्ता तर्फको रकम उल्लेख गरिएको छैन।

आ. ब. २०७९/८० मा सङ्घीय सरकार र प्रदेश सरकारबाट प्राप्त अनुदान २४ करोड १५ लाख ७० हजार, राजस्व बाँडफाँटतर्फ करोड २५ लाख ९० हजार १ सय ६६ रुपैयाँ, गत आ. ब. को जिम्मेवारी सहित आन्तरिक आय ६ करोड १८ लाख ५३ हजार ८ सय ८४ रुपैयाँ ,गरि जम्मा कुल आय ३५ करोड ६० लाख १४ हजार ५० रुपैयाँ रहेको थियो भने व्यय तर्फ चालू खर्च तर्फ १६ करोड ९६ लाख ६७ हजार २ सय ३८ रुपैयाँ, पुंजीगत खर्च तर्फ १० करोड ७२ लाख ३७ हजार १९ रुपैयाँ गरी कूल जम्मा खर्च २७ करोड ६९ लाख ४ हजार २ सय ५७ रुपैयाँ खर्च हुन गइ आ. ब. २०७९।०८० का लागि ५ करोड ८७ लाख ८९ हजार २ सय दद रुपैयाँ अ.ल्या भइ जिम्मेवारी हस्तान्तरण हुन गएको थियो ।

सङ्घीयताको मर्म बमोजिम स्थानीय सरकारले आफैं आम्दानी गर्ने, आफैं बजेट निर्माण गर्ने, आफैं खर्च गर्ने, आफैं लेखाङ्कन गर्ने, प्रतिवेदन तयार गर्ने र लेखा परीक्षण गर्ने नीति अनुरूप गाउँपालिकाको विगत ३ (तीन) वर्षको आन्तरिक स्रोतको अवस्था विश्लेषण गर्दा गाउँपालिकाले थप आन्तरिक आम्दानी वृद्धिका लागि आगामी दिनहरूमा करका दायराहरू, आम्दानीका स्रोतहरू र उत्पादनमूलक क्षेत्रहरूको पहिचान र वृद्धि हुने खालको नीतिहरू अवलम्बन गर्नु पर्ने देखिन्छ ।

## ४.१ राजस्व परिचालन सम्बन्धी नीति

गाउँपालिकाले राजस्व परिचालन तथा व्यवस्थापनका लागि छुट्टै नीति तथा कार्यक्रम तयार गरेको छ । वित्तीय प्रणालीलाई सबलीकरण गर्न, सार्वजनिक खर्चको बढ्दो आवश्यकतालाई पूरा गर्न र पर निर्भरतालाई कम गर्न आन्तरिक स्रोत परिचालन आवश्यक छ भन्ने महत्त्वका साथ गाउँपालिकाको गाउँ सभाले आ.व.२०७९/८० का लागि राजस्व सङ्कलन सम्बन्धी देहायका नीति अवलम्बन गरेको छः

१. गाउँपालिकालाई अवश्यक पर्ने एने, नियमावली, कार्यविधिहरूको पुनरावलोकन, परिमार्जन र थप समयमै गरी सेवा प्रवाहलाई थप सरलीकरण, व्यवस्थित र अध्यावधिक गरिनेछ ।
२. गाउँवासीले घरमै बसी अनलाइन भुक्तानी हुने गरी कर प्रणालीलाई प्रविधिमैत्री र झन्झटमुक्त बनाइनेछ ।
३. सेवाग्राहीलाई गाउँको सेवा लिन सरलीकरण र सहजीकरण गर्न एकै ठाउँबाट सेवा प्रवाह गर्ने गरी सेवा प्रवाहमा एकद्धार प्रणाली स्थापना गरिनेछ ।
४. सेवा प्रवाहमा प्रभावकारीता ल्याउनको लागि कर्मचारीहरूको कार्यसम्पादन करार, कार्यविशिष्टिकरण, क्षमता विकास र अध्ययन र अनुसन्धानमा जोड दिइनेछ ।
५. नवनिर्वाचित जनप्रतिनिधिहरूको क्षमता विकास र उत्प्रेरणाको लागि प्राथमिकताको साथ कार्यक्रमहरू अघि बढाइनेछ
६. न्यायिक समितिको क्षमता विकासको लागि अध्ययन, अवलोकन एवम् तालिमहरू सञ्चालन गरिनेछ।
७. कर प्रशासनलाई सुदृढ गरी करका दायरालाई पुनरावलोकन, करको दर र कर प्रशासनको सेवालाई जनमुखी बनाई करप्रतिको धारणालाई परिवर्तन गरिनेछ ।
८. प्रत्येक वर्ष गाउँपालिका भित्र उत्कृष्ट कर्मचारी छनौट गरी कर्मचारी प्रोत्साहन गर्ने प्रणाली शुरुवात गरिनेछ ।
९. गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माण कार्य र जनताको सुसूचित हुन पाउने अधिकारलाई प्रभावकारी बनाउन मिडियासँग सहकार्य गर्न विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
१०.गाउँपालिकाको सङ्गठन र दरवन्दी संरचनालाई समयानुकूल पुर्नसंरचना गर्ने आवश्यक प्रक्रिया अघि बढाइनेछ।
११.सेवा प्रवाह र विकास निर्माण कार्यलाई पारदर्शी, जवाफदेही र उत्तरदायी बनाउन प्रत्येक चौमासिकमा गाउँपालिकाले सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिनेछ । साथै सामाजिक परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

## ४.२ आय सङ्कलनको संस्थागत क्षमता (राजस्व शाखा तथा राजस्व प्रशासन)

गाउँपालिकाको सङ्गठन स्वरूप हेर्दा राजस्व असुलीका लागि राजस्व उपशाखा स्थापना गरी गाउँपालिकाले आफ्ना दैनिक प्रशासनिक कामहरू अघि बढाई रहेको देखिन्छ । अन्य शाखाहरूमा जस्तै राजस्व शाखाको कार्य सञ्चालनका निमित्त छुट्टै पर्याप्त स्थानको अभाव रहेको देखिन्छ । गाउँपालिकाले राजस्व असुली कार्यमा कम्प्युटरीकृत प्रणाली (कम्प्युटर, प्रिन्टर, विलिङ सफ्टवेयर सहितको) प्रयोगको सुरुवात भएको छ । निवेदन दस्तुर, सिफारिस, पञ्जीकरण दस्तुर, मालपोत भूमिकर लगायतका शीर्षकमा असुल हुने राजस्व वडा कार्यालयबाटै सङ्कलन गर्ने व्यवस्था रहेको छ । दर्ता अनुमति नवीकरण दस्तुर, नक्सापास लगायतका सेवा भने गाउँ कार्यपालिका कार्यालयबाटै हुने गरेको छ ।

### ४.२.१ राजस्व शाखामा कार्यरत कर्मचारीहरूको विवरण

गाउँपालिकाको धेरैजसो आम्दानीका शीर्षकहरूमा वडा कार्यालयहरूबाट राजस्व सङ्कलन गर्ने गरिएको छ । गाउँपालिकामा राजस्व सङ्कलनका लागि छुट्टै उपशाखा छ । राजस्व उपशाखाको कामकाज सहजीकरण र सेवा

प्रवाहका लागि एक जना कर्मचारी मात्रै रहेका छन् । राजस्व असुलीका लागि पर्याप्त मात्रामा भौतिक संरचना भएता पनि एकीकृत कम्प्युटर प्रणाली र आवश्यक कर्मचारीहरू उपलब्ध हुन नसकेको देखिन्छ ।

### ४.२.२ राजस्व परामर्श समिति

दूधपोखरी गाउँ कार्यपालिकामा उपाध्यक्षको संयोजकत्वमा ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरिएको छ । समितिका सदस्यहरूमा कार्यपालिका सदस्य, प्रमुख प्रशासकीय अधिकृत, राजस्व उपशाखाको प्रमुख,लगायतका प्रतिनिधिहरू समावेश गरिएको छ र आवश्यकता अनुसार बैठकहरू बसी निर्णय गर्ने गरिएको छ ।गाउँपालिकाको प्रभावकारी राजस्व परिचालनका लागि कार्यपालिका बैठकले गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा देहाय अनुसार ७ सदस्यीय राजस्व परामर्श समिति गठन गरेको छः

**तालिका १३: राजस्व परामर्श समिति**

| क्र.सं. | समितिका व्यक्तिहरू (पद) | नाम | समिति (जिम्मेवारी) |
|---|---|---|---|
| १ | गाउँपालिका उपाध्यक्ष | श्री क्षेत्र बहादुर गुरुङ | संयोजक |
| २ | प्रमुख प्रशासकीय अधिकृत | श्री कुशल सुवेदी | सदस्य |
| ३ | कार्यपालिका सदस्य वडा अध्यक्ष वडा नं. ४ | श्री ओमबहादुर गुरुङ | सदस्य |
| ४ | कार्यपालिका सदस्य वडा अध्यक्ष वडा नं. २ | श्री अमर गुरुङ | सदस्य |
| ५ | कार्यपालिका सदस्य वडा अध्यक्ष वडा नं. ५ | श्री दलबहादुर गुरुङ | सदस्य |
| ६ | कार्यपालिका सदस्य | श्री खेमराज घले | सदस्य |
| ७ | राजस्व उपशाखा | श्री रमन बराल | सदस्य सचिव |

राजस्व परामर्श समितिले विभिन्न छलफल तथा बैठकहरू सम्पन्न गरी राजस्वका दररेटहरू तथा राजस्व सम्बन्धी नीतिगत निर्णयहरू गाउँ सभा समक्ष पेश गर्ने गर्दछ ।

पूनर्संरचित गाउँपालिकाको संवैधानिक व्यवस्थाको आधारमा गाउँपालिकाले चालू वर्षको लागि आर्थिक ऐन पारित गरेको छ । राजस्व परामर्श समितिको बैठक बसी आन्तरिक आयको दररेट प्रस्ताव गरी गाउँसभाले सो दररेट स्वीकृत गरेका छ । आयका शीर्षक गत दायरा तथा उक्त दायराका दररेटहरू राखी गाउँसभा मार्फत आर्थिक ऐन पारित गरिएको छ ।

### ४.२.३ राजस्व परिचालनका लागि प्रशासनिक व्यवस्था

सङ्गठन संरचनामा यस गाउँपालिकामा प्रशासन शाखा अन्तर्गत रहने गरी राजस्व उपशाखा रहेको छ । स्थलगत अवलोकन तथा विभिन्न सूचनाका आधारमा हेर्दा हाल गाउँपालिकाको राजस्व सङ्कलनको अवस्था देहायअनुसार रहेको छ

- राजस्व उपशाखाका लागि बेग्लै तर साँघुरो कार्य कक्ष तथा भौतिक सुविधा भएको,
- आर्थिक ऐन पूर्ण र स्पष्ट नरहेको,
- विगत शरुवाती वर्षमा बनाइएको दुई पेजको आर्थिक ऐनलाई परिमार्जन नगरी कार्यान्वयनमा ल्याइएको,
- राजस्व उपशाखा तथा उक्त उपशाखाका कर्मचारीले गर्नुपर्ने कामहरूको कार्य विवरण नरहेको,

- उपशाखामा राजस्वको काम भन्दा पनि राजस्व सङ्कलन इकाइको रूपमा रहेको । आफूले सङ्कलन गरेको तथ्याङ्कहरू बाहेक विगत आ.व.मा सङ्कलन भएका राजस्व सम्बन्धी तथ्याङ्क, विभिन्न आर्थिक वर्षहरूको राजस्व बजेट जस्ता आवश्यक तथ्याङ्क तथा दस्तावेजहरू नभएको,
- राजस्व उपशाखामा कार्यरत कर्मचारीले नम्र व्यवहारका साथ सेवाग्राहीलाई सेवा दिने गरेको,
- यसै आ.व. देखि सबै वडाहरूले कम्प्यटरकृत अनलाइन राजस्व सङ्कलन सुरुवात गरेको भएपनि व्यवसाय कर तथा नक्सापास दस्तुर लगायतका राजस्व कर भने गाउँपालिका कार्यालयबाट नै सङ्कलन हुने गरेको,
- सम्पत्तिकरका करदाताहरूको फाइल तथा दैनिक काटिने रसिदहरू व्यवस्थित रूपमा फाइलिङ्ग भएको,
- सङ्कलित रकम बैंक दाखिला गर्ने गरेको । वडा कार्यालयहरूले पनि सोही अनुसार बैंक दाखिला गरी गाउँ कार्यपालिका कार्यालयमा भौचर बुझाउने गरेको,
- राजस्व सङ्कलनको स्पष्ट कार्यविधि नभएकाले राजस्व सङ्कलन गर्दा शीर्षकहरू चयनमा अस्पष्टता रहेको।
- एउटै किसिमको आम्दानी पनि समय अनुसार फरक-फरक शीर्षकमा प्रविष्टि हुने गरेको,
- व्यवसाय कर, घरजग्गा बहाल कर, विज्ञापन कर लगायतका करका कार्यविधिहरू नभएकाले कर सङ्कलनमा अस्पष्टता रहेको,
- राजस्व सङ्कलनको जिम्मेवारी सहित कार्यरत कर्मचारीहरू अस्थायी रहेको र उनीहरूका लागि थप तालिम तथा अभिमुखीकरण नभएको,
- हालसम्म राजस्व सङ्कलन तथा त्यसको प्रभावकारिताका लागि पर्याप्त मात्रामा अनुगमन तथा मूल्याङ्कन एवं अन्तर पालिका छलफल तथा अध्ययन भ्रमण नभएको।

## ४.३ गाउँपालिकाको आन्तरिक आय परिचालन

गाउँपालिकासँग विगत आर्थिक वर्षहरूको तथ्याङ्कको शीर्षक गत अभिलेख रहेको देखिन्छ । आन्तरिक आयको अनुमान गर्दा समेत शीर्षकगत रूपमा गर्ने गरेको देखिन्छ तर उक्त अनुमान विगतका वर्षहरूमा सङ्कलन हुँदै आएको आयलाई आधार मानि गरिएको देखिन्छ ।

गाउँपालिकाबाट प्राप्त तथ्याङ्क अनुसार गाउँपालिकाले विगत आ. व. २०७८/७९ मा सङ्कलन गरेको यथार्थ आयको विवरण शीर्षक गत रूपमा आय शीर्षक अनुसार रु. ६५ लाख ९१ हजार भन्दा बढी सङ्कलन भएको देखिन्छ । चालू आ. व. का लागि गरिएको अनुमानित आम्दानी २५ लाख मात्र राखिनुमा घर बहाल कर, व्यवसाय कर, बहाल बिटौरी, भूमि तथा मालपोत कर, सिफारिस दस्तुर, नक्सा पास, दण्ड जरिबाना, व्यक्तिगत घटना दस्तुर, नाता प्रमाणित दस्तुर लगायतका स्रोतहरूबाट सङ्कलन हुने अनुमान रहेकोमा नदीजन्य पदार्थको बिक्री मार्फत सङ्कलन हुने आयलाई सम्लग्न नगरिएको देखिन्छ । विगत आ. व. को यथार्थ सङ्कलनको आधारमा विश्लेषण गर्दा गाउँपालिकाको आन्तरिक आयको संरचनामा प्रमुख स्रोतहरूमा क्रमशः घर बहाल कर, व्यवसाय कर, पूर्वाधार उपयोग शुल्क, ढुङ्गा गिटी बालुवा विक्री, सिफारिस दस्तुर र दण्ड जरिबाना लगायतका करहरू रहेका छन् ।

## ४.४ राजस्व परिचालनमा रहेका सवालहरू

गाउँपालिकाको आन्तरिक आय परिचालनमा नयाँ व्यवस्था अनुसारको क्षमता विकास गर्न आवश्यक देखिन्छ । उपरोक्त व्यवस्थालाई मध्यनजर गर्दा दूधपोखरी गाउँपालिकाको हालको राजस्व परिचालनका सम्बन्धमा निम्न सवालहरू विद्यमान रहेको देखिन्छ:

- राजस्व प्रशासनसम्बन्धी सबै आवश्यक ऐन, नियम तथा कार्यविधिहरू तयार नहुनु
- राजस्व प्रशासनका लागि सीप एवं क्षमताले प्रयुक्त कर्मचारी कमी हुनु
- राजस्वसम्बन्धी अभिलेख समेटिएको वस्तुगत विवरण नहुनु
- नयाँ स्रोतहरूको पहिचान र विद्यमान स्रोतहरूको दायरा विस्तारमा विशेष पहल नगर्नु
- राजस्व असुलीमा राजनैतिक प्रतिबद्धता नदेखिनु ।

## ४.५ प्रभावकारी राजस्व परिचालनका प्रमुख पक्षहरू

स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकालाई उपलब्ध गराएको वित्तीय अधिकार अनुकूल राजस्व परिचालनमा सुधार ल्याउनको लागि करको दरमा हेरफेर गर तत्काल थप तथा योजनाबद्ध प्रयास थाल्नुपर्ने देखिन्छ । दूधपोखरी गाउँपालिकाले राजस्व परिचालनका लागि तत्काल सम्बोधन गर्नुपर्ने संस्थागत सवालहरू देहाय बमोजिम रहेका छन् ।

### क. राजस्व प्रशासनका लागि उपयुक्त सङ्गठन निर्माण

राजस्व परिचालन क्षमता सुधार तथा राजस्वको स्रोत र आधारहरू वृद्धि गर्न गाउँपालिकाको राजस्व प्रशासनको वर्तमान सङ्गठनको विस्तार गर्नु पहिलो कार्यको रूपमा देखिन्छ । गाउँपालिकाको नयाँ क्षेत्र तथा परिवर्तित राजस्व अधिकारको आधारमा गाउँपालिकाले भौतिक सुविधा, उपयुक्त मानव संसाधन व्यवस्था, क्षमता विकास तालिम, कार्यविधि, सूचना तथा अभिलेख प्रणालीको आवश्यकता देखिन्छ । त्यसका अतिरिक्त वडाहरूबाट समेत तोकिएका शीर्षकहरूमा आय सङ्कलन गर्न क्षमता विकास गरी आवश्यक स्रोत तथा साधन उपलब्ध गराउन आवश्यक रहेको देखिन्छ ।

### ख. उपर्युक्त आर्थिक ऐन निर्माण

संवैधानिक व्यवस्था अनुसार कानुन नबनाई कुनै पनि राजस्व सङ्कलन गर्न पाईंदैन । गाउँपालिकाले आफ्नो बेग्लै स्थानीय आर्थिक ऐन बनाई लागू गरेको छ । गाउँपालिकाले आर्थिक ऐन तर्जुमा गर्दा कर सङ्कलन गर्न, सम्भाव्य राजस्व शीर्षकहरूको दर, सङ्कलनको व्यवस्था, दण्ड, सजाय तथा पुरस्कारको व्यवस्था समेत उल्लेख गरी समय सापेक्ष र वैज्ञानिक आर्थिक ऐन निर्माणमा ध्यान दिनुपर्ने देखिन्छ ।

### ग. आन्तरिक आय परिचालन नीति तथा कार्यविधि

गाउँपालिकाले आय परिचालन सम्बन्धी नीति तथा मुख्य आय शीर्षकहरूबाट आय सङ्कलन गर्ने कार्यविधिहरू तयार गरी वडा समितिहरूलाई समेत उपलब्ध गराउनु पर्दछ । यसमा आय सङ्कलन गर्ने तरिका, प्रतिवेदन बुझाउने ढाँचा, नगद दाखिला सम्बन्धी व्यवस्था, अनुगमन जस्ता विषयवस्तु समावेश गर्नु पर्दछ ।

### घ. राजस्वका दर निर्धारण तथा प्रचार प्रसार

गाउँपालिकाले हालको कानुनी व्यवस्था अनुसार राजस्व सङ्कलनको लागि दर निर्धारण गरी त्यसको प्रचार प्रसार गर्न आवश्यक देखिन्छ । त्यसैगरी करदातालाई तिर्नु पर्ने कर रकम सम्बन्धी जानकारी उपलब्ध गराउन कर शिक्षा कार्यक्रम सञ्चालन गर्नु पर्ने हुन्छ । यसका अतिरिक्त समयमा राजस्व नतिरेमा दण्ड जरिबाना लाग्ने विषयमा पनि स्थानीय पत्रपत्रिका, एफ.एम. रेडियो र सामाजिक संजाल मार्फत प्रचार प्रसार गर्नु पर्दछ ।

### ङ. तथ्याङ्कमा आधारित अभिलेख

आन्तरिक आयको अधिकतम परिचालनका लागि यसका आधारहरूको अभिलेख अद्यावधिक हुनु जरुरी छ । गाउँपालिकालाई प्राप्त राजस्वका अधिकारसँग सम्बन्धित व्यक्तिगत सम्पत्तिहरू, व्यापार व्यवसायहरू, सेवा तथा सुविधाहरू आदिको अभिलेख तयारी तथा अद्यावधिक गर्न आवश्यक रहेको छ। अद्यावधिक अभिलेख बिना राजस्व सम्बन्धी नीति निर्धारण, प्रक्षेपण, असुली व्यवस्थाको अनुगमन प्रभावकारी हुन सक्दैन ।

### च. समन्वय संयन्त्र

राजस्व परिचालन नीति निर्माण, शुल्क तथा दस्तुरको दर निर्धारण, राजस्व सङ्कलन विधि निर्धारण जस्ता कार्यमा आन्तरिक तथा बाह्य निकायहरूसँग समन्वय अपरिहार्य हुन्छ । यसका लागि राजस्वका आधार निर्धारण तथा दरहरूमा परिमार्जनका लागि राजस्व परामर्श समितिको भूमिकालाई स्थापना गर्नु पर्दछ । आय सङ्कलनमा वडा समितिको भूमिकालाई स्पष्ट व्याख्या गरी वडा र राजस्व उपशाखा बीच निरन्तर समन्वय हुन जरुरी देखिन्छ । त्यसैगरी राजस्व बाँडफाँटका सम्बन्धमा केन्द्र, प्रदेश तथा अन्य स्थानीय सरकारहरूसँग समन्वय गर्न आवश्यक पहल समेत गर्नु पर्ने देखिन्छ ।

### छ. चुहावट नियन्त्रण, पारदर्शिता र जबाफदेहीता

आय सङ्कलन अवस्थाको अनुगमन गरी राजस्व चुहावट भएको पाइएमा त्यसलाई नियन्त्रण गर्न तत्काल आवश्यक कार्य गर्नुपर्दछ । गाउँपालिकाले आय व्ययको विवरण आवधिक रूपमा प्रकाशनमा ल्याउनु, करदातासँग निरन्तर संवाद गर्नु, सूचना प्रविधि तथा सामाजिक मिडिया मार्फत राजस्व र खर्चको विवरण बारे जनता तथा सरोकारवालालाई जानकारी गराउनु लगायतका कार्यहरू राजस्व सङ्कलनका क्षेत्रका सकारात्मक प्रयासहरू हुन सक्छन् ।

### ज. परिवर्तित व्यवस्था अनुसार राजस्व सङ्कलन

परिवर्तित व्यवस्था अनुसार राजस्व सङ्कलनको लागि कानुनी व्यवस्था गर्नु, त्यस बमोजिमको दररेट निर्धारण गर्नु, सङ्कलनको लागि संस्थागत संयन्त्रको स्थापना गर्नु, बाँडफाँट हुने राजस्व शीर्षकहरूमा समन्वयात्मक तरिकाले राजस्व सङ्कलन गर्नु, तत्काल गर्नुपर्ने महत्त्वपूर्ण कार्यको रूपमा रहेको छ ।

# परिच्छेद पाँच - राजस्व सुधार कार्य योजना

यस परिच्छेदमा सूचना विश्लेषण तथा सहभागीतामूलक छलफलबाट तयार पारिएको गाउँपालिकाको राजस्व सुधार कार्ययोजना प्रस्तुत गरिएको छ । यस कार्ययोजनालाई गाउँपालिकाले कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउने विश्वास लिइएको छ ।

यसमा गाउँपालिकाको राजस्वसम्बन्धी अधिकार, करको दायरा, दररेट सम्बन्धी सरोकारवालाहरूसँगको छलफल, कार्यशालामा भएको प्रस्तुतीकरण र सुझाव सङ्कलनका आधारमा राजस्व सुधारका क्षेत्रहरूको पहिचान गरी निश्चित समयावधिमा गरिने जिम्मेवारी सहितको सुधारका क्रियाकलापहरू तय गरिएको छ । यस कार्ययोजनाका क्रियाकलापहरूलाई देहाय अनुसार निम्न तीन क्षेत्रमा विभाजन गरिएको छः

## ५.१ कर तथा गैर कर राजस्व सुधार योजना

**तालिका १४: कर राजस्व सुधार योजना**

| सुधारका क्षेत्रहरू | कर तथा गैर कर राजस्व सुधारका क्रियाकलापहरू | समयावधि | जिम्मेवारी |
|---|---|---|---|
| **सम्पत्ति कर तथा मालपोत (भूमिकर)** | ▪ सम्पत्ति मूल्याङ्कन पुनरावलोकन (जस्तो पछिल्ला वर्षहरूमा बनेका बाटो र त्यस बाटोले छोएका जग्गाको अभिलेख अद्यावधिक) गर्ने ।<br>▪ लगत कट्टा नभएका बाटोहरूको लगत कट्टा अद्यावधिक गर्ने ।<br>▪ बाटोको मापदण्डमा नपरेका बाटोहरूको वर्गीकरण गर्ने । | २०८१ असार मसान्त सम्म | गाउँ सभा<br>प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व परामर्श समिति |
| | ▪ राजस्व उपशाखा अन्तर्गत रहने गरि सम्पत्ति कर इकाईको स्थापना तथा भौतिक सुविधाको व्यवस्था गर्ने । | २०८१ साउनको पहिलो हप्तासम्म | प्रमुख प्रशासकीय अधिकृत<br>राजस्व उपशाखा |
| | ▪ एकीकृत रूपमा राजस्व असुलीका लागि सफ्टवेयर अपग्रेडिंग र इ–पेमेन्ट सहितको अनलाइन विलिंग प्रणालीको स्थापना गर्ने । | | राजस्व उपशाखा<br>वडा कार्यालयहरू |
| | ▪ मालपोत असुलीको लागि सूचना अद्यावधिक गर्ने । | २०८१ श्रावण १ देखि | |
| | ▪ सम्पत्तिकरको असुली प्रक्रिया, दण्ड जरिबाना र प्राप्त करको सदुपयोग सम्बन्धमा जनचेतना तथा जानकारी गराउने । | २०८१ असार मसान्तसम्म एक पटक र चौमासिक रूपमा निरन्तर | प्रमुख प्रशासकीय अधिकृत<br>वडा कार्यालयहरू राजस्व उपशाखा |

